रातो खबर साप्ताहिक
Ratokhabar weekly

वर्ष ३, अङ्क २२, पूर्णाङ्क ११७ | २०७४ कार्तिक २९ गते बुधवार | Wednesday, 15 Nov 2017 | www.eratokhabar.com | मूल्य रु. १०



भारतको दबाबमा चुनावपछि देउवा र प्रचण्डकै सरकार बन्ने सम्भावना छ

आनन्द स्वरूप बर्मा

अन्तर्वार्ता पृष्ठ ३

# चन्दा आतङ्कले व्यवसायी पलायन

■ रातो खबर संवाददाता

स्थानीय तहको चार चरणको चुनावमा ठूलो रकम उम्मेदवार र उनीहरू सम्बद्ध दलहरूलाई चन्दा दिएका व्यवसायीहरू तुरुन्तै प्रदेश र प्रतिनिधी सभाको चुनावका लागि दिनहुँ दर्जनौं दल र उम्मेदवार चन्दा माग्न आउन थालेपछि चुनावसम्मका लागि देशबाटै पलायन भएका छन् । केही दलाल सञ्चार माध्यमले नेकपाले चन्दा मागेर व्यापारी, उद्यमीलाई दुःख दिएको पित-पत्रकारिता गरिरहेको बेला वास्तविक तथ्य बाहिर आएको हो । विरगञ्जका सबैजसो प्रतिष्ठित व्यवसायीहरू शुक्रबारदेखि जकार्ता भ्रमणमा छन् । त्यसैगरी अर्को आर्थिक नगरी विराटनगरका व्यवसायीले पनि चुनावसम्मका लागि देश छोड्ने भएका छन् । उनीहरूको ठूलो समूह भारतका विभिन्न धार्मिक स्थलको भ्रमणमा निस्किएको छ । देशभित्र रहेका व्यवसायी पनि व्यवसाय र फोन बन्द गरेर स्वघोषित नजरबन्दको अवस्थामा छन् । 'दर्जनौं दलका सयौं उम्मेदवार चन्दा माग्न आउँछन्, एउटालाई दिएर पनि हुँदैन । को-को सँग झगडा गर्नु ! बरु चुनावसम्मलाई देशमै नबसे भैहाल्यो नि ! हामी त्यस्तो स्थितिमा पुगेका छौं' विहिबार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा भेटिएका विरगञ्जका एक व्यवसायीले नाम उल्लेख नगर्ने शर्तमा रातो खबरसँग भने ।

निर्वाचन आयोगले एकजना उम्मेदवारले २५ लाखसम्म खर्च गर्न सक्ने सीमा तोकेको भएपनि करोडौं खर्च गरेका छन् । आयोगले ३ अर्बसम्म खर्च हुनसक्ने अनुमान गरेको ... बाँकी पृष्ठ ७ मा

# निर्वाचन कि गृहयुद्धको पूर्वाभ्यास ?

माओवादी केन्द्रका नेतामाथिको आक्रमण ख्याल ठट्टा नठान

- अयोधी प्रसाद यादव, प्रमुख निर्वाचन आयुक्त



आक्रमणमा कांग्रेसको घुसपैठ छ

- प्रचण्ड



■ अम्बिका चन्द / काठमाडौँ

प्रतिनिधिसभा र प्रदेशसभाको चुनावी मिति नजिकिँदै गर्दा व्यवस्थित सुरक्षा सर्तकतासहितका मन्त्री र नेताहरू नै निर्वाचन खारेजीवालाको निशानामा परिरहेका छन् । रोल्पामा पूर्व अर्थमन्त्रीसमेत रहेका माओवादी केन्द्रका नेता वर्षमान पुनको प्रचार सवारी लक्षित बम विस्फोट भएको छ । माडीचौरबाट घर्तिगाउँतर्फ गइरहेको बेला पुनको प्रचार सवारी विस्फोटमा परेको हो । विस्फोटको कारण दुई वटा सवारी साधन क्षतिग्रस्त भएको प्रहरीले जनाएको छ । विस्फोटनको घटना हुँदा अन्य उम्मेदवार र नेताहरू पनि गाडीमै सवार थिए । पुनकै प्रचार टोली शनिवार घर्तीगाउँमा युवाहरूको आक्रमणमा परेको छ । त्यहाँ दोहोरो गोली हानाहानसमेत भएको स्थानीयले बताएका छन् । रोल्पाली नेता पुनको सक्रियतामा नेकपाका नेता कार्यकर्ताहरू पक्राउ परेको समाचार सार्वजनिक भएको बेला उनको प्रचार टोलीमाथि आक्रमण भएको हो । बागमारामा उनले सम्बोधन गर्ने भनिएको एमाले-माओवादीको आइतवारको चुनावी सभा पनि विथोलिएको छ । उम्मेदवार पुन दलबलसहित घर्तीगाउँबाट बागमारा जाँदै गर्दा दुईखोलीमा नेकपा समर्थक स्थानीय युवासँग दोहोरो झडप भएपछि बागमाराको सभा बिथोलिएको हो । दुईपक्षको झडपपछि प्रहरीले जङ्गलमा घाँस काट्न गएका ३ जना घाँसीहरूलाई पक्राउ गरेको जनाइएको छ । पछिल्लो घटनालाई लिएर आइतबार बसेको केन्द्रीय निर्वाचन सुरक्षा समितिको बैठकले सुरक्षा व्यवस्था थप कडा पार्ने निर्णय गरेको छ । निर्वाचन आयोगले सरकारको सुरक्षा व्यवस्थाको आलोचनासमेत गरेको छ ।

यसैबिच पक्राउ गरिएका आफ्ना नेता कार्यकर्ता रिहाईको माग गर्दै नेकपा रोल्पाले सोमबार जिल्ला बन्द गरेको छ । बन्दका कारण दिनभरि रोल्पाका बजार, यातायात, कलकारखाना र शिक्षण संस्था ठप्प रहेका थिए । बन्दको दिन एकजनालाई सुलिचौरबाट प्रहरीले गिरफ्तार गरेको थियो ।

यस्तै रुकुममा पूर्व गृहमन्त्री जनार्दन शर्मा सवार गाडीलाई लक्षित गरी बम विस्फोट भएको छ । वाम गठबन्धनका साझा उम्मेदवार शर्मा रुकुमको चौरजहारीबाट खलंगा फर्कदै गर्दा चौरजहारी नगरपालिकामा पर्ने गोइरीमा जङ्गलबाट २ वटा बम प्रहार भएको थियो । प्रहार भएका २ बममध्ये एउटा विस्फोट भएको प्रहरीले जनाएको छ । ठूलै दलबलसहित चुनाव प्रचार अभियानमा जुटेका शर्माले सत्ता, शक्ति र सञ्चारको दुरूपयोग गर्दै निर्वाचन आचार-संहिता विपरित कार्य गरिरहेको र आर्थिक चलखेल गरिरहेको टिप्पणी हुने गरेको सन्दर्भमा उक्त घटना भएको हो । उनले आफ्नो ब्यक्तिगत सुरक्षाको लागि पाएको सुविधा बाहेक अन्य ७ जना असईको नेतृत्वमा प्रहरीलाई वरिपरी लगाउने गरेका छन् । शुक्रबार भएको बम विस्फोटको घटनापछि वाम गठवन्धनका लागि बनेको एमाले माओवादी पार्टी एकता संयोजन समिति रुकुमका इन्चार्ज ... बाँकी पृष्ठ ७ मा

# छिमेकीको रेल राजनीति

■ रातो खबर संवाददाता



नेपालमा चीन र भारतको रेल राजनीति तीव्र बनेको छ र त्यसले नेपालको राजनीति र अर्थव्यवस्थामा जबरजस्त प्रभाव पार्ने देखिन्छ । चीनले 'एक पाटो, एक बाटो' परियोजना आगाडि बढाएपछि यसै वर्ष नेपालले पनि भारतको दवाब झेलेर अन्तिममा सहभागी भयो । त्यसलाई अवसर र वैधानिक बाटो ठानेको चीनले सन् २०२० सम्म चेरुङ आइपुग्ने रेल सेवालाई काठमाडौंसम्म पुऱ्याउन कम्मर कसेर लागेको छ । उता भारतले दक्षिण एशियामा अन्तरदेशीय रेल सेवा शुरु गर्न चाहेको छ । भारतको राजधानी दिल्लीलाई नाभीमा पारेर दक्षिण एशियालाई एउटै सञ्जालमा आवद्ध गर्ने भारतीय रणनीति छ । यसैवर्ष भारतले जयनगर-जनकपुर-बर्दिबास रेल सेवा खण्डको जयनगर-जनकपुर खण्डमा विद्युतीय रेल सेवा शुरु गर्ने भनिएपनि यो वर्ष शुरु हुने सम्भावना देखिन्न । भारतले चीन-नेपाल रेल सेवा नचलोस् भन्ने चाहेको भएपनि त्यो सम्भव छैन । चीनले नेपाललाई रेल-सेवा मार्फत जोडेर तिब्बतको आर्थिक जीवनमा गतिशीलता चाहन्छ । नेपालको बजारमार्फत पश्चिम बंगाल, बिहार र उत्तरप्रदेशको बजार पनि चीनले हेरिरहेको ठानिन्छ । यी तीन प्रान्तमा भारतको झण्डै आधा ... बाँकी पृष्ठ ७ मा

# भारतीय एस.एस.बी.को दादागिरी



■ पदम बोहरा / महेन्द्रनगर

भारतीय सिमा सुरक्षा बल (एस.एस.बी.) ले हतियारसहित नेपाली भूमिमा सडक निर्माण अवरोध गरेको छ । भिमदत्त नगरपालिका-९ स्थित रिगौनामा सडक निर्माणका क्रममा हालिएका ह्यूम पाइप हटाउन पर्ने भन्दै निर्माण कार्यमा अवरोध गरेको छ । गड्डाचौकी, ब्रमदेव सडक खण्डमा पर्ने ५ नं. पिल्लर नजिक सडकमा ह्यूमपाइप राखिएपछि एस.एस.बी.ले हतियारसहित ... बाँकी पृष्ठ ७ मा

# रहेनन् देशभक्त नेता विष्ट

■ रातो खबर संवाददाता /



वि.सं. १९८३ माघ २ गते काठमाडौं वटु टोलमा जन्मिएका देशभक्त राजनीतिज्ञ तथा पूर्व प्रम किर्तिनिधी विष्टको ९० वर्ष ११ महिनाको उमेरमा शनिवार विहान १०:३० बजे आफ्नै निवास ज्ञानेश्वरमा निधन भएको छ । आफन्त र शुभचिन्तकले विष्टलाई पशुपति आर्यघाटमा अन्तिम श्रद्धाञ्जली चढाए । लामो समयदेखि अबुर्द्ध रोगले ग्रसित बिष्टले नेपालमा अरू राजकीय निकायका व्यक्तिले झैं सरकारी सुविधा तथा स्वास्थ्य उपचार खर्च समेत लिएका थिएनन् । न त उनको निवासमा अंगरक्षक र सुरक्षाकर्मी नै थिए । उनले राजकीय सम्मान नगरी सामान्य नागरिक झैं आफ्नो अन्तिम संस्कार होस् भन्ने इच्छा गरेअनुसार अन्त्येष्टि गरेको दिवंगत विष्टका सुपुत्र डा. विनोद विष्टले रातो खबरसँग संक्षिप्त कुरा गर्दै पशुपतिस्थित आर्यघाटबाट जानकारी दिए ।

विष्ट तीन पटक प्रधानमन्त्री बने । दोस्रो पटक २०३० सालमा प्रम हुँदा सिंहदरबारमा आगलागी भएपछि उनले नैतिकताको आधारमा राजिनामा दिंदा राजा विरेन्द्रले राजिनामा नदिन आग्रह गर्दा पनि नमानेको अग्रज कम्युनिस्ट नेता तथा विष्टका छिमेकी ईश्वरीप्रसाद दाहाल (असारे काका) बताउनुहुन्छ । राजा महेन्द्रको निर्देशन र विष्टको अगुवाईमा २०२६ तनदनुसार सन् १९६९ मा भारतीय सैन्य मेशिनरी काठमाडौंबाट र ... बाँकी पृष्ठ ७ मा

# मेरो आँखामा कीर्तिनिधी विष्ट

देश/परिवेश

■ ईश्वरीप्रसाद दाहाल 'असारे'



पूर्व प्रम कीर्तिनिधी विष्टको २०७४ कात्तिक २५ गते आफ्नै निवास ज्ञानेश्वरमा ९० वर्ष ११ महिनाको उमेरमा निधन हुनगयो । अर्बुद्ध रोगबाट पीडित विष्टको बिहान १०:३० तिर निधन भएको थियो । मैले उनको अन्त्येष्टि राजकीय सम्मानसाथ होला भन्ने सोचेको थिएँ । सार्वजनिक सूचनाको भरमा मनज्ञानले आर्यघाट पुग्दा अन्तिम संस्कार चलिरहेको थियो । जहाँ प्रहरीको बाक्लो उपस्थिति थियो । तर ती प्रहरी अधिकृतको लागि आएका रहेछन् ।

साथी विष्णुहरी नेपालले मलाई विष्टका छोरा डा. विनोद विष्टसँग चिनजान गराए । हामीले आपसमा चिनजान, समवेदना, आभार आदि औपचारिकता पूरा गऱ्यौं । लामो कुरा गर्ने समय त्यो थिएन । पञ्च र राजावादी भएपनि एकजना देशभक्त, इमान्दार र नैतिकवान नेताका रूपमा श्रद्धाञ्जली दिएर फर्किएँ ।

दिवंगत कीर्तिनिधी विष्टको राजनीतिक शुरुवात डिल्लीरमण रेग्मी नेतृत्वको नेपाली राष्ट्रिय कांग्रेसबाट भएको हो । जसको महासचिवसम्म भएका थिए । उनी मातृका प्रसाद कोइराला, श्री भद्र शर्मासहितको नेपाल जनता परिषदको पनि नेतृत्वमा रहे । तर २०४६ सालपछि पूर्व पञ्चहरूको कुनै पनि पार्टीमा विष्ट संलग्न भएनन् ।

२०१७ सालमा पञ्चायतमा प्रवेश गर्नु अघि विष्ट नेपाली राष्ट्रिय कांग्रेसमा नै थिए । पञ्चायतीकालमा ३ पटक प्रम बने । पटक-पटक मन्त्री परिषद उपाध्यक्ष, उप-प्रम बने ।। २०६१ सालको ज्ञानेन्द्र शाहको मन्त्री परिषदमा तुलसी गिरीपछि दोश्रो मर्यादाक्रममा रहनेगरी क्रियाशील नभएपनि विष्टलाई मन्त्री परिषदको उपाध्यक्ष बनाइयो । सायद ज्ञानेन्द्रले राष्ट्रवादी छविका विष्टबाट सहानुभूति लिन चाहन्थे ।

२०२६ सालमा उत्तर-पूर्व ओलाङचुङ्गोलादेखि पश्चिम-उत्तर टिङ्करसम्म तैनाथ भारतीय सैनिक जाँच चौकी हटाउने महत्वपूर्ण कामको नेतृत्व विष्टले गरेका थिए । त्यो काम ऐतिहासिक महत्वको काम थियो । पहिलो कार्यकालमा भएको त्यो कामले विष्ट चर्चाको शिखरमा पुगेका थिए । उनी प्रखर वक्ता र देशभक्त थिए ।

केही वर्षअघि रमेश शर्मा र म विष्टसँग अन्तर्वार्ता बाँकी पृष्ठ २ मा

## सम्पादकीय

# देशलाई द्वन्द्वतिर धकेल्ने हर्कत

देउवा सरकारले आशङ्का कै भरमा नेकपाका दर्जनौं नेता, कार्यकर्ताहरूलाई पक्राउ गरेको छ । नेकपाका केन्द्रीय सदस्य सन्तकुमार लिम्बुलाई विराटनगर न्युरो अस्पतालमा उपचार गराइरहेको अवस्थामा अस्पतालको शैयाबाट नै उपचारको हकसमेत खोसेर हिरासतमा लिइएको छ । उनी १६ कात्तिकमा सवारी दुर्घटनामा परेकोले उपचाररत थिए । त्यसैगरी लामो समयदेखि उपचारमा रहेका रोल्पा इञ्चार्ज दलबहादुर खत्रीलाई लिवाङबाट पक्राउ गरिएको छ । उनीहरू नेकपाका नेता हुनु नै सरकारको नजरमा अपराध भयो । सरकारले सो पार्टीलाई प्रतिबन्ध लगाएको अवस्था पनि छैन । सरकारले यस्तै हर्कत देशभरि बढाएको छ र जनआक्रोश बढ्दै गएको देखिन्छ ।

सरकारले चुनावको विपक्षमा शान्तिपूर्ण ढङ्गले उभिने, सभा, सम्मेलन, अपील गर्ने हक खोसेपछि नेकपा पनि त्यसको प्रतिकारमा उत्रने देखिएको छ । रोल्पामा त्यसको नकारात्मक प्रभाव देखिइसकेको छ । देशमा बन्द, हड्ताल, आक्रमण, पक्राउ, प्रतिरोधको चक्र शुरु भएको छ । सरकारले दमन गर्ने र नेकपाले प्रतिरोध गर्दै जाने हो भने देशमा ठूलो द्वन्द्वको बिजारोपन हुनसक्छ । चुनाव द्वन्द्वको कारक हुनु आफैमा संसदीय व्यवस्थाको असफलता हो ।

सरकारले नागरिक अधिकार खोसेर आफैमा निर्माण गरेको कानुन तोड्नु श्रेष्ठता सावित गर्न नसक्नु हो । चुनावको विपक्षमा शान्तिपूर्ण जनमत बनाउन रोक्ने सरकारी नीति संविधानकै विपक्षमा छ । बन्दुकको बलमा संसदीय फासीवाद लागु गर्न खोज्दा नै २०५२ सालमा नेपालमा गृहयुद्ध भड्किएको थियो । अहिले फेरि सरकारको नेतृत्वमा देउवा छन् र उनकै पालामा द्वन्द्व बढ्ने संकेत देखिएको छ । दमन, धरपकड समस्याको समाधान होइन भन्ने हेक्का देउवालाई हुनुपर्ने हो । उनको सरकारले इतिहासबाट शिक्षा लिन नचाहेझैं देखिन्छ । जनयुद्धका मुद्दाहरू, घटनाहरू उचालेर गणतन्त्र ल्याउन बलिदान गरेका योद्धाहरूलाई दण्डित गर्ने, संसदीय व्यवस्था र उसको चुनावको विपक्षमा बोल्नसम्म नदिने हो भने त्यसले हिंसात्मक प्रतिरोधलाई नै प्रेरित गर्छ । रोल्पा, रुकुमलगायतका जिल्लामा त्यसको संकेत देखिइसकेको छ । परिवर्तन र क्रान्तिको आवाज उठाउनासाथ तर्सने, दमन गर्ने तर देश र जनता लुटिरहने प्रवृत्तिले शान्ति र समृद्धि सम्भव छैन । बुद्धिजीवी र सञ्चारले पनि सतही टिप्पणी र भाडाको कलम चलाएर गुजारा चलाउने दास मनोवृत्ति छोड्नुपर्छ । समस्याको वास्तविक कारण र समाधान खोज्नुपर्छ । नेपालका प्रचण्ड, देउवाको अपराधी अनुहार भन्दा पेरुका गोञ्जालो जेलको अनुहार महान् छ र पेरुको क्षति अस्थायी हो भन्ने कुरा भाडाका बौद्धिक महारथीहरूले बुझ्नुपर्छ ।

### लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

– रातो खबर साप्ताहिक

# द्वन्द्वको नयाँ परिदृश्यमा धकेलिंदै देश


अनिल शर्मा

> प्रचण्डले वलीसँग पनि देउवासँग जसरी नै लामो सहकार्यको वाचा गरेका छन् । पार्टी एकताको चर्चा पनि छ । प्रचण्डले भित्रभित्र देउवालाई 'चुनाव सकिन दिनुस्, नआत्तिनुस्, चुनावपछि सल्लाह गरौंला' भनेको गाईंगुईं छ । प्रचण्डले सार्वजनिक रूपमा वाम र लोकतान्त्रिक दुवै गठबन्धन मुलुकको हितका लागि बनेको घोषणा गरेका छन् । सायद उनी कांग्रेस र दिल्लीलाई खुशी पार्न चाहन्छन् । लोकतान्त्रिक गठबन्धन मुलुकको हित र आवश्यकता हो भने वाम गठबन्धन किन चाहियो ? प्रचण्डसँग त्यसको जवाफ छैन ।

देश यतिबेला निर्वाचनको सरगर्मीले तातेको छ । चुनावको सङ्घारमा अनपेक्षित रूपमा एमाले र माकेका बीचमा चुनावी गठबन्धन भएको छ र यसलाई वामपन्थी गठबन्धन भनेर प्रचार गरिएको छ । तत्कालीन नेकपा (माओवादी) शान्ति प्रक्रियामा आएपछिको पहिलो राष्ट्रिय भेला (राजनैतिक वैचारिक प्रशिक्षण भेला) चितवन पर्सास्थित होलिल्याण्ड विद्यालयको भवनमा भएको थियो । सोही भेलामा नै प्रचण्डले एमालेसहित बाम ध्रुविकरण गर्नुपर्ने र सबैलाई 'निल्ने, पचाउने साहस' गर्नुपर्ने बताएका थिए । तर प्रचण्डले त्यसका लागि आफ्नो पङ्क्तिलाई तयार गर्न सकिरहेका थिएनन् । विप्लव-वैद्यको विद्रोह र दोस्रो संविधानसभाको निर्वाचनमा खुम्चिएपछि प्रचण्डलाई पार्टी एमालेमा विसर्जन गर्नका लागि भौतिक वातावरण बनेको थियो । त्यसका लागि प्रचण्डले प्रत्यक्ष/अप्रत्यक्ष रूपमा पहल गर्दै आए । बालकोट धाउने क्रम बढ्दै गयो । तर प्रचण्डलाई छिन्नभिन्न र कमजोर बनाएर मात्र समाहित गराउने सोचमा एमालेका नेताहरू रहे । प्रचण्डले क.किरणलाई 'तपाई नआउने भए म पार्टी एमालेलाई बुझाउँछु' भनेका चर्चाहरू पनि थिए । प्रचण्ड समूह पार्टीको रूपमा नरहेर गुट उपगुटको अनन्त चक्रमा फस्यो । त्यो समाधान गर्नसक्ने अवस्थामा थिएन । त्यही कारण दिक्क भएका प्रचण्डले केन्द्रीय समितिको बैठकमा नै 'त्यस्तै हो भने म पार्टी विघटन गर्छु' भनिसकेका थिए । प्रचण्ड अस्तित्वको सङ्कटमा थिए । स्थानीय तहको चुनावले झन् तनावमा थिए ।

चुनावमा प्रचण्डको रक्षा गर्ने भन्दा कार्यकर्ता चोर्ने दाउमा एमाले देखियो । प्रचण्डका मन्त्रीहरू नै तत्कालीन प्रम वलीबाट परिचालित हुन थालेका चर्चाहरूले प्रचण्ड तनाव बढ्नै नै भयो । त्यसको झोंक फेर्न र दिल्लीको अरूचिका पात्र वलीलाई मानमर्दन गरेर दिल्ली दाहिना बनाएर स्थानीय चुनाव जित्ने उद्देश्यले प्रचण्ड र देउवाको अनपेक्षित गठबन्धन भयो । तर देउवा-प्रचण्ड गठजोड हुँदैमा यी दुई अवसरवादी र स्वार्थलम्पट तत्वको गठजोड हुँदैमा कांग्रेसको समग्र पङ्क्तिले स्वीकार गरिहाल्छ भन्ने थिएन । कांग्रेसको जनमत नाम मात्रकै भएपनि वामपन्थीप्रति सकारात्मक हुन सक्दैनथ्यो । अर्कोतिर दिल्लीका लागि प्रचण्ड र बाबुरामको औचित्य तथा उपयोगिता पनि सकिएको थियो । पहिलो चरणको स्थानीय तहको चुनावपछि प्रचण्डको सपना नारायण गोपालको 'उडायो सपना सबै हुरीले' भनेझैं भएको थियो । अर्कोतिर हिमाली र पहाडी भागको चुनावको परिणामले उचाल्लिएको एमाले तेस्रो तहको (मधेस/तराई) चुनावबाट थचारियो । त्यस्तो अवस्थामा बाम गठबन्धन गर्न र कांग्रेस विरोधी मोर्चा बनाउनुपर्ने बाध्यतामा पुगेको एमालेलाई प्रचण्डले छिन्नभिन्न भएको पार्टी एमालेलाई बुझाउने अवसरका रूपमा प्रयोग गरे । वाम गठबन्धनको वस्तुगत धरातल त्यस्तो छ । जसमा न वैचारिक, राजनीतिक आधार छ नत गम्भीर बहस र उद्देश्य नै छ ।


प्रचण्डले वलीसँग पनि देउवासँग जसरी नै लामो सहकार्यको वाचा गरेका छन् । पार्टी एकताको चर्चा पनि छ । प्रचण्डले भित्रभित्र देउवालाई 'चुनाव सकिन दिनुस्, नआत्तिनुस्, चुनावपछि सल्लाह गरौंला' भनेको गाईंगुईं छ । प्रचण्डले सार्वजनिक रूपमा वाम र लोकतान्त्रिक दुवै गठबन्धन मुलुकको हितका लागि बनेको घोषणा गरेका छन् । सायद उनी कांग्रेस र दिल्लीलाई खुशी पार्न चाहन्छन् । लोकतान्त्रिक गठबन्धन मुलुकको हित र आवश्यकता हो भने वाम गठबन्धन किन चाहियो ? प्रचण्डसँग त्यसको जवाफ छैन । कम्युनिस्ट राजनीतिमा गहिरो सरोकार राख्दै आएका भारतीय बुद्धिजिवी आनन्दस्वरूप वर्माले 'प्रचण्ड र देउवाको चुनावपछि गठबन्धन नहोला भन्ने आधार के छ ?' प्रश्न गरेका छन् । सायद वर्माकै जस्तो धारणा धेरैको छ ।

एमाले-माके गठबन्धन भएपछि कांग्रेसको रोइलो र पूर्वपञ्चहरूको राष्ट्रवाद झनै उदेकलाग्दो देखिएको छ । २०४६ सालपछि लगातार सरकार चलाउँदा कांग्रेसलाई देश बनाउन कस्ले रोक्यो ? पञ्चायतीकालमा बनेका उद्योग बेचेर खाने र नेपालमा भारतीय बजारलाई शतप्रतिशत खुला गर्ने, देशलाई कमजोर, परनिर्भर बनाउने बामपन्थी कि पञ्च ? कांग्रेससँग त्यसको जवाफ छैन । कांग्रेस त अझ चुनावको माध्यमले पनि परिवर्तन ल्याउन पाइन्न भन्दैछ । प्रचण्ड र ओलीले समाजवाद ल्याउने भनेको गोरु ब्याउला र दूध खाउँला भन्ने अपेक्षा जस्तै मूर्खतापूर्ण हो भन्ने कुरा कांग्रेसले नबुझेको कुरा होइन । अनि कांग्रेसको रोइलो किन त ? एमाले र प्रचण्ड मिलेर सरकार चलाए भने लुट्न पाइन्न भन्ने चिन्ता बाहेक कांग्रेस र उसका भागका बुद्धिजीवीको चिन्ता हो । "विचौलिया अथवा दलाल भन्दा भाडाका बुद्धिजीवीहरू यो देशका समस्या भएका छन्" वरिष्ठ पत्रकार युवराज घिमिरेको आरोप स्मरणीय छ ।

एमाले पार्टी आफ्नो विचार र राजनीतिमा बहुदलीय जनवादको पक्षमा अर्थात् ख्रुश्चेव-देङ बाटोमा अटल छ । व्यवहारमा त्यो पार्टी निगम पुँजीवादको प्रतिनिधि पार्टी हो (यद्यपि दलाल पुँजीवादले पूरै पत्याइसकेको छैन) । एमालेका कतिपय नेताहरूले त बहुदलीय जनवाद र २१औं शताब्दिको जनवाद एउटै हो भन्दैछन् । राजनीतिक वेश्यावृत्ति देखेर उदेक लाग्छ - यी राजनीतिक व्यक्ति हुन् कि रत्नपार्कका .... । एमालेको वैचारिक, राजनीतिक कार्यक्रममा प्रचण्डको विसर्जन भएको भनिरहनु पर्दैन । एमालेले जनयुद्धलाई सँधै आतंकवाद, उग्रवाद भन्यो । एमाले अहिले पनि त्यही अडानमा छ । प्रचण्ड देउवाको बलेसीमा लम्पसार पर्लान् भन्ने डरले विरोधको स्वर मत्थर पार्नु अर्कै विषय हो । प्रचण्डको एमालेमा विलय हुनु जनयुद्धलाई उग्रवाद घोषणा गर्नु हो ।

एमाले, कांग्रेसको नेतृत्व र प्रचण्ड-बाबुरामको संलग्नतामा नेपालको वर्गसंघर्षलाई संसदीय चुनावमा लगेर विसर्जन गरिएको छ । जनयुद्धका मुद्दा यथावत छन् । विदेशी हस्तक्षेप झनै बढेको छ । जनजीवन अझ कष्टकर भएको छ । सामन्ती उत्पीडन उस्तै छ । एउटा राजा फालेका जनता सयौं राजाहरूको भारी बोक्न विवश छन् । परिवर्तन, क्रान्ति, विद्रोह अनिवार्य छ । त्यसको नेतृत्व गर्न कोही आउनै पर्छ । जो अनिवार्य छ । त्यसको नेतृत्व कस्ले गर्छ त ? त्यो अलग विषय हो । त्यसका सहयोगी र नेतृत्वकर्ता कुन वर्ग र विचार हो ? त्यस विषयमा पनि बहस हुनसक्छ । दुई तिहाई ल्याएर संविधान संशोधन गर्छु भन्दा त कोकोहोलो गर्ने लुटेराहरूले शान्तिपूर्ण ढङ्गले परिवर्तन ल्याउन दिन्छन् ? विश्वमा एकमात्र उदाहरण छ ?

क्रान्ति, परिवर्तन, समस्याको कुरा गर्दा देउवा सरकारले आफ्नै कानुनले दिएको अधिकार खोसेको छ । आस्थाको आधारमा गिरफ्तार गरिएका छन् । अस्पतालको शैयाबाट नेताहरूलाई पक्राउ पुर्जी नदिई डाँका, फिरौतीवाला, अपहरणकारीले झैं समातेर हिरासतमा लगिएको छ । सरकार नयाँ, व्यवस्था नयाँ तर तरिका पुरानै छ । रातीराती घरमा बसेका, सुतेका मान्छेलाई 'चुनाव विथोल्न सक्ने आशङ्का' भन्दै लगिएको, थुनछेक गरिएको छ । अमेरिकी नीति छ - कुनै व्यक्ति, समुदाय र देश अमेरिकी हित विरोधी हुने सम्भावना छ भने (अमेरिकाको शब्दमा आतङ्कवादी) घटनापूर्व नै उसलाई नियन्त्रण गर ! आज अमेरिकी दलालहरू विश्वभरि त्यही गर्दैछन् । संसदीय लुटेराहरूले अहिले जनतासँग बन्दुक, गोली, बारुद छैन भन्ने बुझेर हेप्ने, धम्क्याउने गरेको देखिँदैछ । जनयुद्धको प्रस्ताव कुल्चने, बन्दुक खोस्ने, नेता किन्ने गर्दैमा समस्याको समाधान हुँदैन । सरकारले आफ्नो भूमिका बदल्न चाहन्न भने देश अर्को द्वन्द्वमा फस्नेछ । नयाँ-पुराना दलालहरूको गठजोड नै समाधान होइन ।



> @)$^ ;fnkl5 nuftf/ ;/sf/ rnfpFF sfu|]nf0{b]z agfpg s:n]/f]sof]< k~rfotLsfndf ag]sf pBf]u a]r]/ vfg]/ g]kfndf ef/tLo ahf/nf0{ztk|tzt vhf ug]{ b]znf0{sdhf]/, k/lge{/ agfpg]afdkGyL ls k~r < sfu|]; ;Fu To;sf]hjfk| 5}g . sfu|]; t ce| rgfjsf]dfWodn]klg kl/jt{g Nofpg kfOGg eGb}5 .

## मेरो आँखामा ...

लिन उनको निवास पुगेका थियौं । उनको जोस र इमानले हरेक इमान्दार मान्छेलाई प्रभावित गर्थ्यो । उनी साधारण र सरल दिनचर्या बिताउँथे । आजका मन्त्री, नेता, कर्मचारीको उठबस र कीर्तिनिधी विष्टको जीवन आधारभूत रूपमै भिन्न थियो । उनी बिहान नक्साल, गौशाला, सानोगौचरण टहल्न निस्कँदा युवाहरूलाई भेट्न मुस्किल पर्थ्यो । केही समययता टहल्न नसक्ने भएका थिए । उनले २०४६ सालपछि सरकारी सुविधा लिएनन् ।

सरकारी ओहोदामा रहेको समयमा 'नेपाल-भारत शान्ति तथा मैत्री सन्धि' नेपालको हित विरोधी असमान रहेकाले खारेज गर्नुपर्छ भन्ने विष्ट पहिलो र एक्ला नेता थिए । उनी नैतिकवान थोरै नेतामा गनिन्थे । २०३० सालमा सिंहदरवारमा आगलागी भएपछि उनले नैतिकताको आधारमा राजीनामा दिए । भनिन्छ राजा वीरेन्द्रले राजीनामा फिर्ता लिन भन्दा पनि उनी आफ्नो अडानमा कायम रहे । २०४२ सालमा रामराजा प्रसाद सिंहले सिंहदरवारभित्र बम आक्रमण गराएपछि पनि विष्टले राजीनामा दिएका तर राजा वीरेन्द्रले रोकेको चर्चा थियो । आज लोकतन्त्रको गीत गाउँदै जनता ठग्ने, देश बेच्ने काम भइरहेको छ । पञ्च र राजावादी भनेर नाक खुम्च्याउने संसदवादी नेताहरूमा विष्टको जति नैतिक बल र देशभक्ति हुन्थ्यो भने नेपालको यत्रो वर्वादी हुने थिएन ।

हामी देशभक्त व्यक्तित्वको सम्मान गर्न चाहन्छौं । विदेशीले आफ्नो स्वार्थअनुसार लेखेको र छट्टु संसदीय नेताहरूले गीत गाएको इतिहासको पुनरलेखन गर्नुपर्ने भएको छ । पार्टीको निर्णयअनुसार पार्टी प्रतिनिधिको हैसियतमा म श्रद्धाञ्जली दिन आर्यघाट पुगेको थिएँ । मलाई लाग्छ विष्टप्रतिको सम्मान देशभक्त धाराको सम्मान हो । जर्मनीको हिटलरले रुसमाथि आक्रमण गर्दा स्टालिनले जारका प्रतिनिधिहरूसँग संयक्त मोर्चाको आव्हान गर्नुभएको थियो । देशलाई बर्बाद गर्ने दलालका विरुद्ध विचार, राजनीति र जनतन्त्रको प्रश्नमा फरक सोच भएपनि देशको माया गर्ने शक्तिहरू सहकार्य गर्नुपर्ने राष्ट्रिय आवश्यकता हो । देशभक्त नेता विष्टप्रति हार्दिक श्रद्धाञ्जली !

# भारतको दबाबमा चुनावपछि देउवा र प्रचण्डकै सरकार बन्ने सम्भावना छ

*(हिन्दी भाषामा प्रकाशित हुँदै आएको **'समकालीन तीसरी दुनियाँ'** का सम्पादक, प्रकाशक **आनन्द स्वरूप बर्मा** नेपालको वामपन्थी राजनीतिका सन्दर्भमा नयाँ नाम होइन । भारतको नोएडाबाट प्रकाशित हुँदै आएको हिन्दी भाषाको सो पत्रिकाका प्रकाशक तथा वाम-विश्लेषक बर्मा गएको हप्ता अक्टोबर क्रान्ति शतवार्षिकीको अवसरमा अन्तर्राष्ट्रिय गोष्ठीमा सहभागी हुन काठमाडौं आएका थिए । सोही अवसरमा भीम चापागाई र झनक श्रेष्ठको सहयोगमा अनिल शर्माद्वारा वर्मासँग गरिएको वार्तालापको मूल अंश)*



तस्विर : भीम चापागाई

**संविधान लेख्नुभन्दा पहिला जुन दिन जनसेना नेपाली सेनामा समायोजन गरियो त्यसै दिन शान्ति प्रक्रिया असफल भएको थियो । किनकी त्यही दिनदेखि आफ्ना प्रस्ताव लागु गराउने सम्पूर्ण शक्ति माओवादीले गुमाएको थियो । संविधान कसले, के को बलमा बनाइयो भन्ने प्रश्न मूल प्रश्न हो । संविधान जनताको राम्रो जीवनका लागि कि केवल देखाउनका लागि ? संविधान बनाउनु भन्दा अगाडि नै सेना विलय गरेपछि बाँकी नै के रह्यो ? बुर्जुवा वर्गको दयाको पात्र बनेको कम्युनिस्ट पार्टीले जनताको लागि के नै गर्न सक्छ र !**

➲ ***बर्माजी अखबारको तर्फबाट यहाँलाई स्वागत छ !***

उत्पीडित, अपहेलित नेपाली जनता समक्ष मेरो विचार र भावना पुऱ्याउने अवसर दिनु भएकोमा धनयवाद !

➲ ***नेपालमा बाम-गठबन्धन चर्चामा छ । यो गठबन्धनले समाजवाद र साम्यवादको कुरा पनि गरिरहेको छ । त्यस विषयमा यहाँको धारणा कस्तो होला ?***

मैले वाम गठबन्धनलाई आलोचनात्मक दृष्टिले हेरेको छु । आलोचनात्मक दृष्टि किनभने यो गठबन्धनको कुनै वैचारिक आधार देखिएको छैन । किनभने एमालेले १० वर्षसम्म चलेको जनयुद्धलाई कहिल्यै समर्थन गरेन र सधैं एउटा आतङ्ककारी घटना मान्दै आयो । सामाजिक संरचनामा आमूल परिवर्तन जनयुद्धको माग थियो । त्यसमा एमाले अहिले पनि सकारात्मक छैन । यस्तो अवस्थामा के को आधारमा उनीहरूबीच सम्झौता भयो ? जनताले त्यो कुरा बुझ्न सकेका छैनन् । त्यसका रहस्यहरू खुल्दै जालान् । त्यो सम्झौताभित्र जनता र देशको हित हुने कुनै सोच छैन । यो केवल चुनावी स्वार्थप्रेरित गठजोड हो । जसको माध्यमबाट दुबैलाई पद प्राप्तीको लाभ होस् । यसैकारण गठबन्धन भएको छ । त्यसकारण म यसलाई आलोचना गर्छु । म यो गठबन्धनलाई यस अर्थमा समर्थन गर्छु कि आज दक्षिण एशियासहित पूरै विश्वमा फासीवाद उर्लिरहेको छ । सम्पूर्ण विश्वमा चाहे अमेरिकामा डोनाल्ड ट्रम्प, जापानमा सिङ जावे, जर्मनी, भारतमा मोदी सबैतिर फासिवाद बढ्दै गएको छ । यस्तो अवस्थामा थोरै पनि फासिवाद विरोधी उदारवादी शक्तिहरू देखिन्छन् भने त्यो सकारात्मक पक्ष हो । म नेपालको सन्दर्भमा कुरा गर्दा एमाले-माओवादी केन्द्रको गठबन्धनलाई भारतले रुचाउने छैन भन्ने कुरामा स्पष्ट छु । यद्यपि यिनीहरू भारतको स्वार्थको विरुद्ध जाँदैनन् । वाम एकता, वाम सरकार, नाम, झन्डाको कारण भारतमा पर्नसक्ने मनोवैज्ञानिक प्रभावको कारण पनि मोदी सरकार पूरै शक्तिको साथ वाम गठबन्धनको विरुद्ध लाग्नेछ । वाम गठबन्धनले दुई तिहाई ल्याएर सरकार बनाएछ भने पनि उनीहरूले साम्राज्यवादी आर्थिक नीतिलाई नै लागू गर्नेछन् । विश्वभर 'हेर, नेपालमा कम्युनिस्ट सरकार आयो' यस्तो प्रचार नहोस् भनेर साम्राज्यवाद चनाखो छ । त्यसकारण मैले वाम गठबन्धनलाई समर्थन गरेको छु । यस्तो अवस्थामा वास्तविक क्रान्तिकारी आन्दोलनलाई अगाडि बढाउँदै फासिवाद विरोधी शक्तिहरूलाई पनि अघि बढ्न दिनुपर्छ ।

➲ ***एमाले र माओवादी केन्द्रको बीचमा आकस्मिक रूपमा गठबन्धन कसरी भयो । त्यसको प्रेरक शक्ति के हुनसक्छ ?***

मैले भनैं कि गठबन्धनको पछाडि वैचारिक, राजनीतिक आधार छैन । विचारधारा त्यसको कारण होइन भने सत्ताभोग त्यसको कारण हुनजान्छ ।

➲ ***मेरो मतलव भारत र चीनको भूमिका छ कि ?***

नेपालको राजनीतिमा भारतको प्रभाव, हस्तक्षेप सधैं रहँदै आएको छ । लोकतान्त्रिक गठबन्धन निर्माणमा भारतको भूमिका प्रष्ट देखिन्छ । वाम गठबन्धन निर्माणमा भारतको हात छ कि छैन भन्ने विषयमा अझैसम्म कुनै आधार वा तथ्य बाहिर आइसकेको छैन । मलाई के शंका लाग्छ भने चुनावमा प्रचण्डको राम्रो स्थान आयो र देउवासँग मिलेर सरकार बनाउन सक्ने अवस्था आयो भने त्यसबेला देउवा र प्रचण्ड गठबन्धन नहोला भन्ने कुनै निश्चित छ ? अहिले यो कुरा अनौठो लाग्ला तर अतितको अनुभवले त्यही कुरालाई पुष्टि गर्दछ । ओलीको सरकार ढालेर देउवाको सहयोगमा प्रधानमन्त्री बनेपछि प्रचण्डले कुन हदसम्म मोदीको गुणगान गरे, हाम्रो सामु छ । आउने दिनमा दिल्लीको दबाबमा देउवा र प्रचण्डको सरकार नबन्ला भन्न सकिन्न । त्यस्तो भयो भने नेपाली जनता चरम निराशामा धकेलिने छन् । आम अराजकताको स्थिति पैदा हुन सक्नेछ ।

यो कुरा भने निश्चित रूपमा भन्न सकिन्छ कि यी दुई पार्टीको बीचमा पार्टी एकता हुन सक्दैन । यो गठबन्धन केवल चुनावी गठबन्धनमा सीमित हुनेछ ।

➲ ***क.विप्लव नेतृत्वको नेकपाले शान्ति प्रक्रिया असफल भयो भनिरहेको छ । त्यस विषयमा यहाँको धारणा ?***

संविधान लेख्नुभन्दा पहिला जुन दिन जनसेना नेपाली सेनामा समायोजन गरियो त्यसै दिन शान्ति प्रक्रिया असफल भएको थियो । किनकी त्यही दिनदेखि आफ्ना प्रस्ताव लागु गराउने सम्पूर्ण शक्ति माओवादीले गुमाएको थियो । संविधान कसले, के को बलमा बनाइयो भन्ने प्रश्न मूल प्रश्न हो । संविधान जनताको राम्रो जीवनका लागि कि केवल देखाउनका लागि ? संविधान बनाउनु भन्दा अगाडि नै सेना विलय गरेपछि बाँकी नै के रह्यो ? बुर्जुवा वर्गको दयाको पात्र बनेको कम्युनिस्ट पार्टीले जनताको लागि के नै गर्न सक्छ र !

➲ ***तपाईले गतवर्ष नै नेपालमा जनयुद्ध-२ लेख्नु भएको थियो । के नेपालमा जनयुद्ध- २ सम्भव र आवश्यक देख्नुहुन्छ ?***

२०५२ फागुन १ (१३ फरवरी १९९६)मा नेपालमा जनयुद्ध शुरु हुँदा भन्दा नेपाली जनताको जीवन अझ कष्टकर भएको अवस्था छ । जनताको क्रान्तिकारी चेतना अझै बढेको छ । कामको खोजीमा विदेश पलायन हुने युवाहरूको मात्रा अझ बढेको छ । विश्व परिस्थिति त्यसबेला भन्दा धेरै अनुकूल छ । एक ध्रुवीय विश्व भएको, बर्लिनको पर्खाल ढलेको, पेरुको क्रान्तिकारी विद्रोहले धक्का खाएको बेला नेपालले एक्लै साम्राज्यवादको छातीमा मुक्का हान्दै 'क्रान्ति सम्भव छ' भन्ने सन्देश दिएको थियो । त्यही जनयुद्धले सन् २००८ (वि.सं.२०६५)मा नेपालमा गणतन्त्र स्थापना गऱ्यो । प्रचण्ड प्रधानमन्त्री भए । यस बीचमा बाबुरामले केही किमी सडक बनाए । अरू केही सुधारका कार्यक्रम बाहेक जनताले के पाए ? जनतामाथि धोका भयो । संसदीय व्यवस्थाको लागि हजारौं सहिद भएका हुन् त ? त्यसैले विद्रोह अनिवार्य छ । हुनसक्छ क.विप्लवको हातमा आज नेतृत्व छ । विप्लवले धोका दिए भने क्रान्तिको औचित्य सकिन्छ त ? होइन, क्रान्तिको नेतृत्व अरू कसैले गर्नेछ । त्यसैले क्रान्तिको नेतृत्व गर्न कोही न कोही आउनै पर्छ । नेपालमा फेरि जनयुद्ध भयो भने त्यो कुनै आश्चर्य हुने छैन ।

➲ ***विश्व कम्युनिस्ट आन्दोलन रक्षात्मक अवस्थामा छ । यसको मुख्य समस्या के देख्नुहुन्छ ?***

हेर्नुस्, ५० वर्ष अघि जतिबेला म कम्युनिस्ट विचारको नजिक पुगेको थिएँ, त्यसबेला साम्राज्यवाद मरणासन्न छ भन्थे । मुत्युको मुखमा पुगेको कुरा गर्थे । आज ५० वर्ष पछि पनि त्यही भन्छन् । आज त्यो मरणासन्न प्राणी उत्तिकै बलियो छ । साम्राज्यवादले सङ्कटलाई समाधान गर्दै आफूलाई बचाउँदै आएको छ । पुँजीवादको ऐतिहासिक अनुभव लामो छ । कोलम्बसलाई पुँजीवादको प्रस्थान विन्दु मान्ने हो भने पनि त्यो ५ सयवर्षको परिपक्व उमेरमा छ । समाजवादको अनुभव केवल १ सय वर्ष मात्र भएको छ । तसर्थ कम्युनिस्टहरूले समस्याको सही समाधान खोज्न आवश्यक छ ।

➲ ***युरोप र अमेरिका आर्थिक सङ्कटबाट गुज्रिरहेका छन् । त्यसको परिणाम के हुनसक्ला ?***

त्यसको परिणाम जनतालाई युद्धतिर धकेल्नु, आतङ्कवादको नाममा हत्या, दमन, लुटपाट गर्नु हुनेछ । संसारमा इस्लामिक वा अन्य जति पनि आतङ्कवाद चर्चामा छन्, त्यसको मुहान संयुक्त राज्य अमेरिका हो । संसारको सबैभन्दा धेरै मुस्लिम समुदाय भएको देश इन्डोनेशियामा कम्युनिस्ट सरकार बन्नासाथ कसरी अमेरिकी संलग्नतामा बर्बरतापूर्ण दमन भयो, प्रष्ट नै छ । जहाँ कम्युनिस्ट शक्तिमा आउँछन् संसारभरिका साम्राज्यवादीहरूले स्लामवादी, कट्टरतावादीलाई संगठित गर्छन् । सेना वा गुप्तचर सञ्जाल बनाएर नियन्त्रण गर्छन् । सन् १९६५/०६६ मा इण्डोनेशियामा त्यही गरियो । जहाँ ३० देखि ५० लाख कम्युनिस्ट मारियो । क्युबापछि ११ करोड जनसंख्या भएको इण्डोनेशिया साम्राज्यवादको तारो बन्यो । सन् १९९६ मा विश्वको एकमात्र हिन्दुराष्ट्र नेपालमा जनयुद्ध शुरु भयो । त्यसपछि अमेरिका, बेल्जियम, फ्रान्स, बेलायत, भारत सबै जनयुद्ध दबाउन पूरै शक्तिका साथ लागे । नेपाली जनतामा स्वतन्त्रता, कम्युनिस्टप्रति समर्थनको शानदार परम्परा छ । दक्षिण एशियामा ६० प्रतिशत जनमत कम्युनिस्ट भएको एकमात्र देश नेपाल हो । यो जनमतलाई ध्वस्त पार्न सारा साम्राज्यवादी गैरसरकारी संस्था, गुप्तचर, बौद्धिक समूह र वित्तीय संस्था नेपालका केन्द्रीत भएका छन् । १० वर्षपछि यो तथ्य बाहिर आउला, जसरी इण्डोनेशियाको विषय आयो । त्यसैले आज नै विषयको गम्भिरताबोध गरेर कदम चाल्न आवश्यक छ ।

➲ ***भाकपा (माओवादी)को विद्रोहलाई यहाँले नजिकबाट हेरिरहनु भएको छ । त्यहाँको पछिल्लो स्थिति बताइदिनुस् न ।***

भाकपा (माओवादी) अहिले निकै दबाबमा छ । धेरै केन्द्रीय नेता गिरफ्तार भएका छन् । मध्यम वर्ग र शहरमा काम बढाउन खोज्दा त्यस्तो भएको छ । शुरुमै उनीहरू दमनमा परे र बुद्धिजीवी साईबाबा जेलमा छन् । कुनै बुद्धिजीवीले भाकपा (माओवादी)को विषयमा बोल्यो कि दमन गरिन्छ । दण्डकारण्य, छत्तिसगढमा जनसमर्थन भएका कारण नेतृत्व र आधारक्षेत्र सुरक्षित देखिन्छ । अहिले विस्तारको गति तीव्र छैन ।

➲ ***भाकपा (माओवादी)को नकारात्मक पक्ष वा सीमा पनि होलान् । जसको कारण अपेक्षित प्रगति भएको छैन । त्यस विषयमा यहाँको धारणा कस्तो छ ?***

नेपालमा एक समय जनयुद्ध र शहरी सङ्घर्ष, जनपरिचालन एकसाथ तीव्रता र घनीभूत भएको थियो । भारतमा त्यसो हुन सकेको छैन । भूमिगत र खुला जनसङ्घर्ष हुन सकेको छैन । कुनै समय विनोद मिश्रले त्यो काम गरेका थिए र तर त्यो पनि विसर्जित भयो । विहारको भोजपुरमा सशस्त्र सङ्घर्ष चलिरहँदा खुला मोर्चाले शहरमा जनआन्दोलनको नेतृत्व गरिरहेको हुन्थ्यो । भारतमा त्यसप्रकारको प्रयोगको समस्या छ ।

➲ ***भारतमा बुर्जुवा लोकतन्त्रको फासिवादीकरण भैरहेको आरोप छ । त्यहाँको पछिल्लो स्थिति बताइदिनुस् न ।***

भारतमा लोकतान्त्रिक शक्तिहरूमाथि लगातार आक्रमण भैरहेको छ । केही वर्षयता थुप्रै उदारवादी, प्रगतिशील बुद्धिजिवीहरूको हत्या भएको छ । भर्खरै पत्रकार गौरी लङ्केसको हत्या भएको छ । भाजपाको सरकार बन्नासाथ हिन्दुवादी, फासिवादी शक्तिहरू आक्रामक भएका छन् । किनकी अपराधीहरूलाई राज्यको समर्थन र सुरक्षा प्रदान भएको छ । भाजपाको सरकार वास्तवमा हिन्दु स्वयंसेवक सङ्घको सरकार हो । यो भारतलाई हिन्दु राष्ट्र बनाउन चाहन्छ । त्यसो भयो भने भारतको सामाजिक स्थिति भत्किन्छ, विघटन हुन्छ । त्यसो भयो भने भारत गृहयुद्धमा फस्नेछ । विश्वले भारतको त्यसप्रकारको स्थितिलाई नियालिरहेको छ । त्यसैकारण होला मोदीको हजार केशिस र दौडाहाका बावजुद भारतमा ठूलो लगानी भित्रिएको छैन । दुई वर्षपछि २०१९ मा हुने चुनावपछि मोदीको स्थिति के हुन्छ भन्न सक्ने स्थिति छैन ।

➲ ***यो वर्ष विश्वभरि अक्टोबर क्रान्तिको १ सय वर्ष पुगेको अवसरमा उत्सव मनाइदैंछ । तपाई त्यही शिलशिलामा काठमाडौंमा हुनुहुन्छ । विश्वका उत्पीडित, श्रमिक जनताप्रति यहाँको थप सन्देश छ कि ?***

चीन र भारत मिले भने विश्वको ठूलो शक्ति हुन्छन् । अमेरिका र युरोप त्यो देख्न चाहन्नन् । यी दुई देश लडिरहनुमा नै उनीहरूको स्वार्थ मिल्छ । त्यो कुरा शासकहरूले कसरी बुझ्छन् अलग विषय भयो । हामी भारत, नेपाल र चीनका जनता एक आपसमा अन्तरक्रिया, भेटघाट, विचार आदानप्रदान गर्नुपर्छ भन्नेमा छौं । यसले जनस्तरको सम्बन्ध सुदृढ गर्न मद्दत गर्छ । अक्टोबर क्रान्तिको शतवार्षिकी दिवसबाट नेपाल, भारतसहित विश्वभरिका जनताले प्रेरणा लिएर अझ बढी सङ्गठित बन्न सक्नुपर्छ ।

# चितवनमा कम्युनिस्ट आन्दोलन

यस केन्द्रको गठन नहुँदासम्म केन्द्रविहीन भएर रहने गरी गठन भएको केन्द्रविहीन समूहका लागि एक उपयुक्त केन्द्रको आवश्यकता महसुस भइरहेको थियो भने केन्द्रीय न्युक्लसका लागि पनि साङ्गठनिक विस्तारका क्रममा चितवनमा एक उपयक्त समूहलाई आबद्ध गराउन आवश्यक थियो। चितवनका कम्युनिस्ट बुद्धिजीवीहरूमा अग्रस्थानमा साङ्गठनिक प्रभाव विस्तार गर्न सफल रहेको यो केन्द्रविहीन समूहप्रति केन्द्रीय न्युक्लसका नेताहरू आकर्षित रहेका थिए भने यता केन्द्रविहीन समूहका नेताहरूलाई पनि केन्द्रीय न्युक्लसमा सम्बद्ध नेताहरू विशेषगरी मोहनविक्रम सिंह, निर्मल लामा, शम्भुराम श्रेष्ठप्रति विश्वास बढ्दै गइरहेको थियो। चितवनमा मोहनविक्रम र निर्मल लामालाई माओ र चाओ (चाउ एन लाई) नामले चर्चा-परिचर्चा गर्ने गरिएको थियो। (१०३)

यसरी केन्द्रीय न्युक्लस तथा केन्द्रविहीन समूह दुवैका लागि आबद्धताको आवश्यकता रहेको स्थिति केन्द्रीय न्युक्लसले आवश्यक छलफल अगाडि बढाउन एक नेता भक्तबहादुर श्रेष्ठलाई चितवन खटायो। पश्चिम चितवनस्थित एक कार्यकर्ताको घरमा केन्द्रविहीन समूहको बैठक बस्यो। उक्त बैठकमा नेता भक्तबहादुरले केन्द्रीय न्युक्लसको लक्ष्य र कार्यक्रमका बारेमा प्रस्ट पार्ने प्रयत्न गरे। यसैगरी यता केन्द्रविहीन समूहले पनि केन्द्रीय न्युक्लसका नेताहरूसँग आवश्यक छलफल अगाडि बढाउन र प्रस्ट हुन नसकेका विषयहरूमा अझ प्रस्ट हुन यस समूहका प्रमुख संस्थापक आनन्ददेव भट्टलाई जिम्मेवारी दियो। वीरेन्द्र कलेजका प्राचार्य भट्ट कलेजको कामको सिलसिलामा काठमाडौँ गइरहनुपर्ने हुँदा सङ्गठनको कामका लागि काठमाडौँ जाँदा छुट्टै खर्चको व्यवस्था गरिरहनु नपर्ने भएकाले पनि भट्टलाई नै सो जिम्मेवारी सुम्पिएको थियो तर भट्टद्वारा काठमाडौँमा केन्द्रीय न्युक्लसका सबै नेताहरूसँग भेटघाट र छलफल नगरी शम्भुराम श्रेष्ठसँग मात्र भेटघाट गर्ने काम भइरह्यो। (१०४) यस अवस्थासम्म केन्द्रीय न्युक्लसमा पनि वैचारिक तथा कार्यनीतिक सवालमा मतभिन्नता देखिएका कारण शम्भुराम श्रेष्ठ, मनमोहन अधिकारीलगायत बहुमत सदस्य केन्द्रीय न्युक्लसबाट अलग भए। यस स्थितिमा शम्भुरामसँग मात्र भेटघाट गरी आउने गरेकाले आनन्ददेव भट्टप्रति केन्द्रविहीन समूहका अन्य सदस्यहरूलाई शङ्काउपशङ्का उत्पन्न हुँदै गयो। भट्ट र अन्य सदस्यहरूबीच दूरी बढ्दै गयो। अन्ततः भट्ट चितवनको केन्द्रविहीन समूहबाट बाहिरिए। (१०५)

केन्द्रीय न्युक्लसबाट शम्भुरामलगायत बहुमत सदस्यहरू अलग्गिएजस्तै केन्द्रविहीन समूहबाट पनि प्रमुख संस्थापक आनन्ददेव मट्ट अलग्गिए तर पनि केन्द्रीय न्युक्लस तथा केन्द्रविहीन समूह दुवैको चाहना तथा आवश्यकताका कारण पटकपटकका छलफल र कुराकानीपछि नै वि.सं. २०२९ मा केन्द्रविहीन समूह केन्द्रीय न्युक्लसमा आबद्ध भयो। (१०६) हुनत आबद्ध हुने समूह र आबद्ध गराउने समूहबीचमा सैद्धान्तिक अवधारणा तथा कार्यक्रममा समानता हुनै पर्दथ्यो तर यी दुवै समूहले त्यतिखेर सैद्धान्तिक तथा कार्यनीतिक सवालमा कति मेल कति बेमेल भन्ने सम्बन्धमा त्यति महत्व दिइएको देखिँदैन। हुनत केन्द्रीय न्युक्लसले अघि सारेको देशभक्त तथा जनतान्त्रिक शक्तिहरूको सरकार भन्ने नाराका सम्बन्धमा केन्द्रविहीन समूहमा बहस नचलेको भने होइन तर पनि सो नाराका सम्बन्धमा समितिमा प्रस्ट व्याख्या हुन सकिरहेको थिएन। आगामी महाधिवेशनमा व्याख्या र विश्लेषण गरिने गरी सो बहसलाई थाती राखिएको थियो। यस तथ्यबाट पनि माथि भनिएझैँ यो समूहले सैद्धान्तिक सवालमा भन्दा नेताहरूको व्यक्तित्वमा विश्वास गरेर नै केन्द्रीय न्युक्लसमा आबद्ध भएको प्रस्ट हुन आउँछ।

चितवनको केन्द्रविहीन समूह केन्द्रीय न्युक्लसमा आबद्ध भएपछि 'केन्द्रीय न्युक्लस चितवन' का नाममा साङ्गठनिक पहिचान कायम भयो। जिल्ला अधिवेशन गरी नरबहादुर खाँडको सचिवत्वमा नयाँ कार्यसमिति गठन गरियो। (१०७) कुनै पनि केन्द्रसँग आबद्धता नदेखाउँदै झन्डै चार वर्षसम्म स्वतन्त्र अस्तित्वमा रहेको चितवनको केन्द्रविहीन समूहले केन्द्रीय न्युक्लस गठनमा आबद्धता देखाएर एउटा अभिभावक सङ्गठन प्राप्त गऱ्यो। नारायणगढ बजारमा पुष्पलाल समूहमा प्रभाव रहेको, चितवनको पश्चिम-दक्षिण क्षेत्र पटिहानी, जगतपुरतर्फ पुष्पलाल समूहबाट अलग्गिएर गठन भएको किसान सङ्घर्ष समूहको प्रभाव विस्तार हुँदै गइरहेको सन्दर्भमा केन्द्रीय न्युक्लसमा आबद्ध यस समूहले ग्रामीण इलाकामा भन्दा बजार इलाकामा, मजदुर, किसानवर्गमा भन्दा बुद्धिजीवीवर्ग रहेको शैक्षिक संस्थाहरूमा साङ्गठनिक विस्तार गर्नमा अपेक्षाकृत सफलता प्राप्त गऱ्यो। पश्चिम चितवनको आनन्दपुर स्थित एक कार्यकर्ताको घरमा सम्पन्न अधिवेशनबाट आगामी महाधिवेशनका लागि सचिव नरबहादुर खाँडलगायत विष्णु घिमिरे, खम्बसिंह कुँवर तथा इन्द्रविलास पौडेललाई महाधिवेशन प्रतिनिधिमा चयन गऱ्यो। (१०८)

**राजेन्द्र रेग्मी**

**नेपाल कम्युनिस्ट पार्टी चौथो महाधिवेशन चितवन समूह**

केन्द्रीय न्युक्लसका ९ जना संस्थापकहरूमध्ये मोहनविक्रम सिंह, निर्मल लामा, जयगोविन्द शाहले आफ्ना मतका समर्थक कार्यकर्ताहरू लिएर वि.सं.२०३१ मा महाधिवेशन सम्पन्न गरे। नेपालका कम्युनिस्ट घटकहरू अलगअलग भई कम्युनिस्ट आन्दोलन नै दिशाहीन भइरहेको अवस्थामा यस समूहले आफूलाई ने.क.पा. को मूलधार भन्दै सो महाधिवेशनलाई चौथो महाधिवेशनको संज्ञा दियो र महाधिवेशनपछि 'नेपाल कम्युनिस्ट पार्टी (चौथो महाधिवेशन)' (ने.क.पा.चौम समूह) का नाममा परिचित गराइयो।

केन्द्रीय न्युक्लस ने.क.पा.(चौथो महाधिवेशन) समूहका नाममा सङ्गठित भएपछि केन्द्रीय न्युक्लससँग आबद्ध रहेका जिल्ला सङ्गठनहरू पनि ने.क.पा.(चौम) समूहकै नाममा सङ्गठित भए। यस क्रममा नरबहादुर खाँड सचिव रहेको केन्द्रीय न्युक्लसमा आबद्ध रहेको चितवन जिल्ला सङ्गठन ने.क.पा.(चौम) चितवनको नाममा स्वाभाविक रूपमा रूपान्तरित भयो। समितिको पहिलेको नाम मात्रै परिवर्तन भएको हुँदा चितवनमा वि.सं. २०२९ मा गठित समितिले नै ने.क.पा.(चौम) गठनपछि पनि निरन्तरता पाइरह्यो। केन्द्रमा ने.क.पा. (चौम) समूह वि.सं.२०३० को दशकमा सर्वाधिक शक्तिशाली भएजस्तै (१०९) चितवनको बौद्धिक फाँटमा यो समूह साङ्गठनिक विकासका दृष्टिले पहिलो स्थानमा देखापऱ्यो।

(अ) नेपाल कम्युनिस्ट पार्टी (चौथो महाधिवेशन)

राष्ट्रिय मेलमिलापको नीतिपछिको तरङ्गित राजनीतिक परिदृश्यमा ने.क.पा.(चौम) चितवन पनि निकै प्रभावित भयो। तत्कालीन समयसम्म नेपालका कम्युनिस्ट घटकमध्ये सर्वाधिक ठूलो भनिएको ने.क.पा. (चौम) को मुखपत्रमा आज राजा र नेपाली काङ्ग्रेसबीच गठबन्धन हुँदैछ (१५२) भनी उल्लेख गरियो जसअनुसार ने.क.पा.(चौम) ले राजा र काङ्ग्रेसलाई एउटै वर्गआधारमा राखेर समदूरीमा हेर्ने गऱ्यो तर चितवनमा भने ने.क.पा.(चौम) ले नेपाली काङ्ग्रेसलाई नै प्रधान शत्रु ठहऱ्याउँदै रह्यो। त्यस अवसरमा ने.क.पा.(चौम) ले पञ्चप्रशासनसँग कुनै पनि चुनौतीपूर्ण गतिविधिहरू देखाएन। पञ्चायती व्यवस्थाका स्थानीय निर्वाचनहरूमा पनि सामान्यतः पञ्चहरूसँग चुनावी तालमेल गरी नेपाली काङ्ग्रेस निकट उम्मेदवारका विरुद्धमा प्रतिस्पर्धा गरिएको थियो। यस अर्थमा पनि यो समूह राष्ट्रिय मेलमिलापको नीतिबाट बढी नै रुष्ट रहेको प्रस्ट हुन आउँछ।

अर्कातर्फ पञ्चायती प्रशासनले आफ्नो शक्तिसन्तुलनका लागि नेपाली काङ्ग्रेसका विरुद्धमा यस सङ्गठनप्रति नरम व्यवहार देखाउँदै आइरहेको भए पनि यतिखेरको परिस्थितिमा झन् कडा व्यवहार देखायो। यस सङ्गठनप्रति धरपकड तीव्र गरायो। (१५३) चितवनम पहिलोपटक यस सङ्गठनका सचिव नरबहादुर खाँडलाई कति ठूलो दबाब दिइयो भने उनी यो सङ्गठन परित्याग गर्न बाध्य भए। यस परिस्थितिमा यस सङ्गठनप्रति प्रशासनिक निगरानी बढ्नुका प्रमुख कारणहरू निम्नलिखित देखिन्छन् :

(१) मेलमिलापको नीति अवलम्बन गरेको नेपाली काङ्ग्रेसबाट कुनै चुनौती रहेन। यस अवस्थामा शक्तिसन्तुलनका लागि कम्युनिस्ट घटकहरूलाई प्रश्रयको होइन, नियन्त्रणको आवश्यकता रहेको महसुस भयो। यसक्रममा चितवनको बौद्धिक फाँटमा अन्य कम्युनिस्ट घटकहरूभन्दा अलि बढी नै विस्तारित रहेको यस समूहका बारेमा पञ्चायती प्रशासनलाई बढी नै जानकारी थियो। यसैले पनि यस सङ्गठनप्रति प्रशासनिक निगरानी बढेर गएको थियो।

(२) किसान सङ्घर्ष समूहले छापामार शैलीमा पर्चा-पम्प्लेटहरू छर्ने, विभिन्न व्यक्तिहरू एपर जनकार्यवाहीका गतिविधिहरू सञ्चालन गर्ने, तर छिट्टै नै योजनाबद्ध रूपमा लाखापाखा लागेर सुरक्षित रहने गर्दा त्यस्ता घटनाबारे अनभिज्ञ रहेका ने.क.पा.(चौम) का कार्यकर्ताहरू झ्याप्प-झ्याप्प प्रहरीप्रशासनको घेरामा पर्दथे जसबाट प्रहरी प्रशासनको कारबाहीबाट ने.क.पा.(चौम) सङ्गठन नराम्ररी प्रभावित भइरहेको थियो।

३) यस समयमा अञ्चलाधीशको कडा रबैयाले पनि यस समूहलाई ठूलो असर पुऱ्याएको थियो। स्वयम् सचिव नरबहादुर खााड प्रहरीप्रशासनको कडा निगरानीबाट २०३३ मङ्सिरमा ने.क.पा. (चौम) सङ्गठन छोड्न बाध्य भए। (१५४)

नरबहादुर खाँडको पलायन, विष्णु घिमिरेको राजीनामा तथा यमुना न्यौपाने, जगतबहादुर श्रेष्ठलगायत कतिपय नेताहरूको निष्क्रियतापछि ने.क.पा.(चौम) चितवनकने सङ्गठनमा ठूलो धक्का लाग्यो। अझ यसै समयताका अर्थात् २०३४ असारमा किसान सङ्घर्ष समूहले जुगेडी घटना घटाएको अवस्थामा प्रहरी प्रशासनबाट ने.क.पा.(चौम)का कार्यकर्ताहरूमाथि पनि ठूलो निगरानी राख्यो। ने.क.पा.(चौम)का कार्यकर्ताहरू समेत भागाभागको स्थितिमा पुगे। यस सङ्गठनका सचिव अमिक शेरचन गिरफ्तारीमा परे। यस किसिमको सङ्कटको अवस्थामा केन्द्रीय सदस्य खम्ब सिंहले चितवनको ने.क.पा.(चौम) सङ्गठनलाई समाले। अर्को व्यवस्था नहुँदासम्मका लागि स्वयम् खम्बसिंह ने.क.पा. (चौम) चितवनको सचिवसमेत भएर सङ्गठनलाई जीवन्त गराइरहे तर पछि वि.सं.२०३५ मा पश्चिम चितवनको दिव्यनगरमा अमिक शेरचनको घरमा जिल्ला सङ्गठनको दोस्रो अधिवेशन सम्पन्न गरी अमिक शेरचनको सचिवत्वमा नयाँ समिति गठन भयो। नवगठित उक्त समितिका अन्य सदस्यहरूमा फणिन्द्र न्यौपाने, टेकबहादुर थापा, इन्द्रविलास पौडेल, दण्डपाणि न्यौपाने, डी.आर.पोखरेल, ओमबहादुर गुरुङ्ग, शालिकराम तिमिल्सिना, पुष्पकमल दाहाल, गेहेन्द्रबहादुर थापा रहेका थिए। (१५६)

**सन्दर्भ समाग्री**

१०३ उपाध्याय, पा.टि.नं. १४, पृ.७४।
१०४ नरबहादुर खाँडसँग मिति २०६२-१२-२ मा, जगतबहादुर श्रेष्ठसँग मिति २०६२-१२-२ मा लिइएको अन्तर्वार्ताबाट।
१०५ ऐजन।
१०६ विष्णु घिमिरेसँग मिति २०६२-११-२८ मा र नरबहादुर खाँडसँग मिति २०६२-१२-२ मा लिइएको अन्तर्वार्ताबाट।
१०७ यस समितिका अन्य सदस्यहरूमा फणिन्द्र न्यौपाने, यमुना न्यौपाने, आनन्ददेव भट्ट, खम्बसिंह कुँवर, टेकबहादुर थापा, जगतबहादुर श्रेष्ठ, इन्द्रविलास पौडेल, पुष्प जमरकट्टेल, विष्णु घिमिरे, गेहेन्द्रबहादुर थापा, सोमनाथ घिमिरे, कृष्णबहादुर मरहट्ठा, अमिक शेरन, तिलकबहादुर खवास रहेका थिए। यदु पोखरेल, चितवनमा वामपन्थी सङ्गठनको बिस्तार र २०४६ को संयुक्त जनआन्दोलनमा यसको भूमिका, (त्रि.वि. राजनीतिशास्त्र केन्द्रीय विभाग कीर्तिपुरमा स्नातकोत्तर तहको उपाधिका लागि प्रस्तुत अप्रकाशित शोध ग्रन्थ वि.सं.२०६०) पृ.२८।
१०८ नरबहादुर खाँडसँग मिति २०६२-१२-२ मा, विष्णु घिमिरेसँग मिति २०६२-१०-११ मा, इन्द्रविलास पौडेलसँग मिति २०६२-१०-१२ मा जगतबहादुर श्रेष्ठसँग मिति २०६२-१२-२ मा लिइएको अन्तर्वार्ताबाट।
१५१ ऐजन, पृ. ८८१-८८२।
१५२ मशाल, (ने.क.पा.चौमको मुखपत्र), वर्ष ८, अङ्क १, वि.सं. २०३७ भाद्र, पृ. २५।
१५३ मशाल, (ने.क.पा. चौमको मुखपत्र), वर्ष ५, अङ्क २, वि.सं. २०३४ आश्विन, पृ.३।
१५४ विष्णु घिमिरेसँग मिति २०६२-११-२८ लिइएको अन्तर्वार्ताबाट।

# लिला श्रेष्ठ र देवि ज्ञवाली जन्माउने कथित निर्वाचन


गोकुल दहाल

भनिन्छ प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र जस्ता पदवाली रहेको व्यवस्थामा जनताको मतद्वारा निर्वाचित प्रतिनिधि मार्फत् देशमा निती निर्माण सुशासन र सत्ता सञ्चालन गरिन्छ। जन-जनको हितमा आधारित राज्य प्रणाली हुन्छ। जन-जनलाई समृद्धि दिन सक्ने हरेक आवश्यकता पुर्ति गर्ने आर्थिक हैसियत रहने अर्थप्रणाली हुन्छ। वितरण प्रणाली व्यवस्थित सरल, सहज र मानवीय आवश्यकता र हितमा आधारित हुन्छ। उत्पादन प्रणाली आधुनिक-अत्याधुनिक र मानवमुखी हुन्छ। उत्पादक शक्तिको सम्मान, संरक्षण र सम्वर्दन, प्रवर्द्धनमा राज्य अत्यन्त संवेदनशील र हरदम तत्पर तथा जिम्मेवार हुन्छ। उत्पादकत्व वृद्धिमा आम मानिसको जागरुकता रहन्छ। राज्यले सबै हिसाबले खुला, स्पष्ट र अभिभावकको रूपमा नेतृत्व लिन्छ। यस्ता मूल्य मान्यता, विश्वास रहेको लोकतन्त्र र प्रजातन्त्र अर्थात् गणतन्त्रको हालत आज पुँजीवादीहरूले घृणित लज्जास्पद्, हाँस्यास्पद र कुरूप बनाएका छन्। लोकतन्त्रका सामाजिक, राजनैतिक, आर्थिक, सांस्कृतिक मान्यताहरूलाई पुँजीवादीहरूले कत्लेआम गर्दै जनताको बीचमा बदनाम गरेका छन्। लोकतन्त्रको पगरी भित्र तानाशाही जनमारा स्वाँठहरूले वाक स्वतन्त्रता माथि धावा बोलिरहेका छन्। प्रेस स्वतन्त्रताको दुहाइ दिँदै एकाधिकार मिडियाबाजी गरिरहेका छन्। कथित् प्रतिष्पर्धाका नाममा दलाल र एकाधिकार अर्थतन्त्रको अभ्यास मार्फत् चरम शोषण गरिरहेका छन्। वस्तु र सेवाका बिक्री केन्द्रहरू स्थापना गर्दै लुट मच्चाएर जनतालाई कंगाल पारिरहेका छन् भने राजनीतिलाई व्यापारको उद्योग सावित गर्दै राज्यकोष र प्राकृतिक स्रोत साधनमाथि ब्रम्हलुट गरिरहेका छन्। पुँजीवादीहरूले राज्यसत्तामा आफ्नो अधिनायकत्व कायम राख्न, समावेशी, समानुपातिक, समानता, समृद्धिजस्ता प्रगतिशील प्रस्तावहरूको सहारामा पुनः जनतामा भ्रम पैदा गरेका छन्। स्वघोषित जनसेवक बनेर देश र जनतामाथि रजाइँ गर्न तम्तयार भएका छन्। लोकतन्त्र, गणतन्त्र, प्रजातन्त्रजस्ता प्रगतिशील तथा क्रान्तिकारी पदावलीको दुरूपयोग गरेर जनतामा टिकीरहने सम्भावना सङ्कटमा परेपछि नेपालका पुँजीवादी पाखण्डहरू समाजवादको पदावली अघि सार्दै पुनः जनता झुक्याउन नयाँ प्रपञ्च रचिरहेका छन्। नेपालका दलाल संसदीय पुँजीवादीहरू जनतामा निर्वस्त्र चित्रित भैसक्दा पनि समाजवाद र समृद्धिको रित्तो झोला भिरेर जनताको भत्केको घर, पहिरो र डुबानमा परेका बस्तीहरू चाहार्न तछाडमछाड गरिरहेका छन्। सन्दर्भ कथित् प्रदेश र प्रतिनिधि सभाको निर्वाचनको छ। पाखण्डहरू यति लजास्पद छन् कि उनीहरूलाई त्यसको ख्याल नै नभएको हो या निवस्त्रता नै उनीहरूको लाज छोप्ने उपर्ना हो जो व्यक्त गर्ने शब्दहरू नै छैन। असफलसिद्ध संसदीय व्यवस्थामा कथित् निर्वाचनको पछिल्लो प्रयोग त्यसको नतिजा र गरिएका प्रपञ्चबारे हिसांवलोकन गरौँ।

तलका तीन घटनालाई सत्य तथ्यको कसीमा जाँच्ने हो भने पुँजीवादीहरूको प्रतिस्पर्धाको नीति, निर्वाचनको नौटङ्कीको भ्रमको पर्दा च्यात्न सकिन्छ। पुँजीवादीहरूले जनताको मतको वास्तविक कदर गर्छन् की उपहास गर्छन् छर्लङ्ग हुन सकिन्छ। पुँजीवादीहरूले निर्वाचनका नाममा जनताको मतको कति उपहास गर्छन् र यिनीहरूको वास्तविक चरित्र कति क्रुर र घिनलाग्दो हुन्छ सहजै बुझ्न सकिन्छ।

**घटना नम्बर १**

पहिलो संविधानसभा निर्वाचनमा एमालेका तत्कालीन महासचिव माधव नेपालले रौतहटबाट चुनाव हार्न पुगे भने एमालेका वर्तमान अध्यक्ष केपी ओलीले झापाबाट चुनाव हारे। नयाँ संविधान निर्माण गर्न गठित संविधानसभा पटकपटक अवरुद्ध भयो। पटक-पटक म्याद थप्दै जनताद्वारा निर्वाचित संविधानसभालाई म्यादी संविधानसभामा परिणत गरियो। त्यस अवधिमा जनताबाट अस्वीकृत नेता माधव नेपाल सभासद नियुक्त भइ प्रधानमन्त्रीसम्म भए। के पुँजीवादी संसदवादीहरूले जनताको मतदानको सम्मान गरेको यही हो ?

**घटना नम्वर २**

कथित, दोस्रो संविधानसभाको निर्वाचनमा सिराहा जिल्लाबाट तत्कालीन एमाओवादी अध्यक्ष प्रचण्ड र एमाले नेता लिला श्रेष्ठबीच प्रतिष्पर्धा भयो। निर्वचन सम्पन्न भइ मतगणना हुँदै गर्दा जनताबाट प्रचण्ड अस्वीकृत हुने पक्का भएपछि एमाओवादीले काठमाडौंमा पत्रकार सम्मेलन गरी मत परिणाम अस्वीकार गर्ने धम्की दियो। देशका धेरै ठाउँमा मतगणना स्थगन भए, त्यसैमा उपेन्द्र यादवले निर्वाचनमा धाँदली भएको प्रमाण आफुसँग भएको हवला दिए। तत्पश्चात, प्रचण्ड र उपेन्द्र यादव विजयी घोषणा भए, लिला श्रेष्ठहरू राजनीतिक सहिद हुन पुगे। के जनताको मतको कदर र प्रतिष्पर्धा भनेको यही हो ?

**घटना नम्वर ३.**

म्यादी संविधानसभाले कथित् नयाँ संविधान जारी गऱ्यो र जबरजस्त जनतामा लाद्न कथित् स्थानीय निर्वाचनको नाटक मञ्चन भयो। त्यस सन्दर्भमा चितवन महानगरपालिकामा रेणु दाहाल र देवी ज्ञवालीबीच कथित् प्रतिष्पर्धा भयो। मतगणनाकै क्रममा मतपत्र च्यात्ने र कब्जा गर्ने काम भयो। पुनः निर्वाचनको नौटंकी भयो। देवी ज्ञवालीलाई पराजित घोषणा गरियो। यी घटनाहरूको अन्तर्यमा के छ ?

हारिएकाहरू देशको कार्यकारी पदमा कसरी पुग्छन् ? किन नियुक्त हुन्छन् जनप्रतिनिधि भएर जनताले पराजित गरेका व्यक्तिहरू नै ? किन दिइन्छ धम्की पत्रकार सम्मेलनबाटै मत परिणाम स्वीकार्य छैन भनेर ? किन जिताइन्छ मतगणना रोकी-रोकी प्रचण्ड र उपेन्द्रहरूलाई ? कसरी हुन्छ धाँदली सेना-प्रहरीको घेराभित्र भएको निर्वाचनमा ? धाँदलीको प्रमाण छ भन्ने उपेन्द्रहरूको प्रमाण विजय घोषणापछि कता लुकाइन्छ ? निर्वाचन अधिकृतलाई पिसाब लागेको मौका पारी किन च्यातिन्छ मतपत्र ? रिटको प्रतिक्षामा किन बस्छ सम्मानित अदालत ? कसरी पराजित घोषित गरिन्छन् लिला श्रेष्ठ र देवी ज्ञवालीहरूलाई ? यसको सही जवाफ पुँजीवादी संसदवादीहरूसँग छ ? के उत्तर छ निर्वाचन आयोगसँग ? मतदाता कसरी-शक्तिशाली हुन् भनेर प्रमाणित गर्न सक्छ सम्मानित अदालत ? यस्ता धेरै प्रश्नहरूले घेरिएको ! जालझेल, षड्यन्त्रहरूले भरिएको अनि पैसा, शक्ति, झुटको वैसाखीले टिकेको, देश मास्ने, जनता लुट्ने उद्देश्यमा आधारित जनतालाई उपहास र दमन गरी भोट हाल्दिन, हाल्न हुन्न भनी औँला ठड्याउँदा हत्कडी लगाउने, निर्वाचनमा भाग लिन्न भन्दा जेल कोच्ने, अल्पमतका प्रतिनिधिद्वारा बहुमत जनता शासित हुनुपर्ने, निर्वाचन प्रणाली ठीक छैन भन्दा शासकहरूको बुट खानुपर्ने, जनताको प्रताधिकारको खिल्ली उडाउने कथित् जनविरोधी दलाल संसदीय निर्वाचनले अझै कति लिला श्रेष्ठ र देवी ज्ञवालीहरूको जन्म गराउने हो ? वैज्ञानिक समाजवादसहितको समानता, स्वाधीनता, समृद्धिको निम्ति कथित् संसदीय निर्वाचन खारेज गरौँ।

लेखक नेपाल कम्युनिष्ट पार्टी सम्वद्ध अखिल नेपाल क्रन्तिकारी ट्रेड युनियन महासंघका केन्द्रिय सदस्य हुन्।

# संसारलाई प्रभावित पार्ने एउटा सपना

होऊ न्युली

सन् २०१३ डिसेम्बर ८ मा चिनियाँ सपनाबारे अन्तर्राष्ट्रिय संवाद कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा २४ देशका १ सयभन्दा बढी विज्ञ विद्वान्हरूको सहभागिता थियो ।

दुई दिन चलेको सो अन्तर्राष्ट्रिय कार्यक्रममा चिनियाँ सपनासम्बन्धी पछिल्ला चिनियाँ सपनासम्बन्धी पछिल्ला अनुसन्धान उपलब्धिबारे अन्तर्राष्ट्रिय तथा अन्तरसांस्कृतिक छलफल भएको थियो । चीनको राज्य परिषद् सूचना कार्यालयका मन्त्री काय मिङचाओले कार्यक्रमको उद्घाटनमा उद्घाटन मन्तव्य दिंदै चिनियाँ सपनाको बलियो आकर्षण भएको बताए । '१ अर्ब ३० करोड जनताको सपनाको कार्यान्वयन मानवजातिको इतिहासमा एउटा प्रमुख घटना हो । नयाँ चीनले आकार लिनेछ र संसारलाई अरू धेरै योगदान गर्नेछ' मन्त्री कायले भने ।

**चिनियाँ सपनाको अर्थ**

साङ्घाई सामाजिक विज्ञान प्रतिष्ठानअन्तर्गत चीन र अध्ययन केन्द्रका निर्देशक चाङ वेई वेई (Zhang Wei Wei) लामो समयदेखि चीन बाहिर बस्दै आएका छन् । अन्तर्राष्ट्रिय संवाद कार्यक्रममा सहभागी बन्न गइरहँदा बाटोमा उनले आफू चढेका ट्याक्सीका चालकसँग भलाकुसारी गरे । साङ्घाईमा ३० लाख आरएमबी बराबरको दुईओटा अपार्टमेन्ट भएर पनि तिनी ट्याक्सी चालकले आफू गरिब भएको दावी गरे । चाङले उनलाई तिनको जीवन युरोपको आधा मानिसहरूको तुलनामा उत्तम भएको बताए ।

गएको दशकभरि संयुक्त राज्य अमेरिकाका अधिकांश जनताको जीवनस्तर पनि ओरालो लाग्यो । यो अवधिमा संयुक्त राज्य अमेरिकाको पारिवारिक आय मापन (एचआईआई) ले वास्तविक औसत वार्षिक पारिवारिक आयमा मासिक परिवर्तनलाई निर्देशित गर्‍यो । सन् २००० लाई आरम्भिक वर्षका रूपमा लिएको अवस्थामा र त्यो वर्षको पारिवारिक आय मापनलाई १०० प्रतिशत मान्दा त्यसपछिका हरेक महिनाको पारिवारिक आय मापन ८९.४ प्रतिशत छ अर्थात् त्यतिबेलाको वास्तविक आय एक दशकअघि भन्दा १० प्रतिशतभन्दा कम रह्‍यो ।

'आज संसारका अरू कुनै पनि औद्योगिक देशहरूको तुलनामा संयुक्त राज्य अमेरिकामा अवसरको न्यून समानता छ । एकपछि अर्को अध्ययनहरूले संयुक्त राज्य अमेरिका अवसरहरूको भूमि भएको कथा असत्य भएको पुष्टि गरिरहेका छन्', नोवेल पुरस्कार विजेता अर्थशास्त्री जोसेफ ई. स्टिग्लिजले सन् २०१३ मा भनेका थिए ।

'पछिल्ला दुई दशकको तुलनामा चीनमा धनको अचाक्ली वृद्धि भएको छ', चाङ वेई वेईले भने ।

चिनियाँ राष्ट्र ऐतिहासिक रूपमा शक्तिशाली र समृद्धशाली थियो तर सन् १८३९-४२ सम्मको अफिम युद्धताका र सन् १९४९ मा जनवादी गणतन्त्र चीनको स्थापना हुनुपूर्व चीनले पश्चिमा र जापानी आक्रमणकारीहरूको ठूलो हमलाको सामना गर्नुपर्‍यो ।

साङ्घाई शताब्दी प्रकाशन समूहका सभापति झाङ सिङले अफिमयुद्धका क्रममा देखेका आधुनिक हतियारहरू नै पश्चिमा औद्योगिक सभ्यताको विषयमा चिनियाँ जनताले देखेको पहिलो कुरा थियो । पश्चिमा उपनिवेशवादीहरूविरुद्ध लड्न चीनले आफ्नै औद्योगिकीकरण र आधुनिकीकरणको विकास गर्‍यो । आत्मसबलीकरण अभियान, एक सय दिनको सुधार अभियान र सन् १९११ को क्रान्तिहरू आधुनिक प्रविधि र संरचनाहरू हासिल गर्ने चिनियाँ जनताका प्रयासहरू थिए तर चीनको वस्तुगत परिस्थितिसँग मेल नखाएको हुनाले ती सबै प्रयासहरू थिए । तर चीनको वस्तुगत परिस्थितिसँग मेल नखाएको हुनाले ती सबै प्रयासहरू विफल भए । परिणामतः देश निकै कमजोर बन्यो । त्यसपछिका अनेकन बाङ्गाटिङ्गा नागबेली बाटो छिचोल्दै जनवादी गणतन्त्रको स्थापनापश्चात मात्र चीनले विकासको सही बाटोमा हिंडेको हो ।

सन् १९४९ मा चीनको कूल ग्रार्हस्थ्य उत्पादन ३५ अर्ब ८० करोड आरएमबी थियो तर आज चीनको हरेक दिन ८२ अर्ब आरएमबी बराबरको धन सिर्जना गर्ने गरेको छ । चीनको हरेक दिन ८२ अर्ब आरएमबी बराबरको धक सिर्जना गरेको छ । चीन आज संसारकै दोस्रो सबभन्दा ठूलो अर्थतन्त्र बनेको छ भने विदेशी सतही सञ्चय र आयातको हिसाबले चीन संसारकै सबभन्दा ठूलो शक्ति बनेको छ । तथापि ठूलो जनसंख्याका कारण चीनको प्रतिव्यक्ति आय भने संसारको औसत प्रतिव्यक्ति आयभन्दा कम नै छ । सबभन्दा ठूलो विकासोन्मुख देश भएकाले आधुनिकीकरणको बाटोमा चीनले अझै पनि थुप्रै तगाराहरू छिचोल्न बाँकी नै छ । यस्तो परिस्थितिमा चीनका राष्ट्रपति सी जिनपिङले चिनियाँ सपनाको विचारलाई अघि बढाए जसमा देश, राष्ट्र र हरेक व्यक्ति समेटिएको छ । चिनियाँ सपनाले अझ उत्तम जीवनको लागि चिनियाँ जनताको चाहना र भावना, राष्ट्रिय पुनःजागरणको कार्यान्वयन र चिनियाँ विशेषतासहितको समाजवाद निर्माण अभिव्यक्ति दिएको छ ।

पूर्वी चीन नर्मल विश्वविद्यालयको राजनीतिशास्त्र विभागका प्राध्यापक छि वेईपिङ (Qi Weiping) ले १ अर्ब ३० करोड जनसंख्या भएको देशले एउटा वैकल्पिक ढाँचामा आधुनिकीकरण कार्यान्वयनमा ल्याउन सक्षम हुनु हो । चिनियाँ सपनाको सफलताले विश्वव्यापी सभ्यतालाई नै योगदान पुर्‍याउनुहुनेछ ।

**चिनियाँ सपनाको सफलताका लागि**

'चिनियाँ सपनाले चीनको राजनीतिक बन्दोबस्त र संस्कृति, त्यसका मूल्य मान्यता तथा चिनियाँ कुटनीतिको गतिसँग तालमेल राख्न आवश्यक छ । साथै, चिनियाँ नेताहरूको कुटनीतिको गतिसँग तालमेल राख्न आवश्यक छ । साथै, चिनियाँ नेताहरूको आकर्षण र जनतासँगको निकटता र जनताको सांस्कृतिक समृद्धिलाई अभिव्यक्ति दिन सक्नुपर्दछ । चीनलाई त्यस्तो एउटा भव्य देश बनाइसकेपछि मात्र अन्तर्राष्ट्रिय समुदायले चिनियाँ सपनालाई मान्यता दिने छ र सम्मान गर्नेछ', सिन्गुवा विश्वविद्यालयमा अन्तर्राष्ट्रिय सम्बन्धका प्राध्यापक सुन चेले भने ।

चिनियाँ सपना कार्यान्वयनका लागि चीनबारे रहेका कुनै पनि शंकाहरूको हल गर्न जरुरी छ । सुनले त्यो शंका हल गर्ने तीन उपायहरू अघि सारेका छन् । पहिलो, चीनले आफ्ना राजनीति र सांस्कृतिक परम्परामा सबैखाले एकतन्त्रीय अभ्यासबाट टाढा राख्नुपर्दछ । सँगसँगै चिनियाँ कम्युनिस्ट पार्टीको १८ औं राष्ट्रिय कांग्रेसले पनि परिभाषित गरेजस्तै संविधानमा आधारित भएर आधुनिक सुशासन प्रणालीको जग राख्नुपर्दछ । त्यसको अर्थ चीनले आफ्नो निर्णय प्रक्रिया र राजनीतिक बन्दोबस्तमा ठूलो परिवर्तन ल्याउन जरुरी छ ।

दोस्रो, चीनमा प्रजातन्त्र र उसमा पश्चिमा समकक्षीहरूबीच निश्चय पनि केही साझा पक्षहरू हुनेछन् । हामीले दृढतापूर्वक प्रजातान्त्रिक सुधारहरूलाई अघि सार्नुपर्दछ र त्यस्तो सुधारको सुरुआत आधारभूत प्रजातान्त्रिक सुधारबाट सुरु गर्नुपर्दछ । आधारभूत प्रजातान्त्रिक सुधारअन्तर्गत प्रजातान्त्रिक पारदर्शितालाई जोड, कानुनी शासनलाई प्रोत्साहन, न्यायिक सुधार आदि पर्दछन् । त्यसबीचमा पनि वास्तविक प्रजातन्त्र हासिल गर्न संविधानको पूर्ण सम्मान हुनुपर्दछ र चिनियाँ व्यवस्थापिका राष्ट्रिय जनकांग्रेसको भूमिकालाई बलियो बनाउनु आवश्यक छ ।

तीन पक्षमध्ये तेस्रो र अन्तिम कुराभित्र चिनियाँ कुटनीति र अन्तर्राष्ट्रिय सम्बन्धमा प्रजातन्त्र सामेल गर्नु हो । शान्तिपूर्ण सहअस्तित्वका पाँच सिद्धान्तहरू र तेस्रो विश्वको अवधारणा कुनै निश्चित कालखण्डको प्रजातान्त्रिक अन्तर्राष्ट्रिय कुटनीतिका परिणामहरू हुन् । आजको सन्दर्भमा प्रमुख कुरा जनताको चाहनालाई कार्यान्वयन गर्नु र चीनको शान्तिपूर्ण विकासमा सेनाले के कस्तो भूमिका खेल्न सक्छ भनी निर्धारण गर्नु हो ।

छि वेई सिङका अनुसार चीनले आज सामना गरिरहेका समस्याहरू विकासको प्रक्रियामा अघि बढिरहेका धेरै देशहरूले सामना गर्दै गरेका चुनौतीहरू हुन् । त्यस्ता समस्याहरू भन्नाले आम्दानीको बढ्दो समानता, व्यापक भ्रष्टाचार, चर्को वातावरणीय प्रदूषण र स्रोतहरूको सीमितता आदि पर्दछन् । चीन शून्य बिन्दुबाट विकास आरम्भ गरेको देश हो । आफ्नो विकासको क्रममा चीनले बीसौं तगाराका कारणहरू स्थिति थप गाह्रो बन्यो । कडा बन्दोबस्त र संयन्त्रका कारण यसबीच चीनले अनेकन् समस्याहरू सामना गर्नुपरे तापनि तिनको समाधानमा चीनले ठूलो पहल गरेको छ । त्यस अतिरिक्त चीनले छोटो समयमा विकासमा उल्लेख्य उपलब्धि हासिल गरिसकेको छ । यो उथलपुथलपूर्ण समयमा धेरै जटिल अन्तर्विरोध, मुद्दा र विवादहरू सतहमा आए । तसर्थ, अरू कुनै देशहरूको तुलनामा चीनले ठूल्ठूला पेचिलो पीडा र तनावहरू झेल्नुपरेको छ । ती जटिलताको सामना गर्दै चिनियाँ सपना हासिल गर्नुले चिनियाँ जनतालाई बुद्धिमान र सिपालु बनाउनेछ । छि चीनले ती समस्याहरू रचनात्मक रूपमा समाधान गरेर विश्वमा आफ्नो योगदान गर्ने आशा व्यक्त गरे । चिनियाँ सामाजिक विज्ञान प्रतिष्ठान (सीएएसएस) अन्तर्गत युरोपेली अध्ययन केन्द्रका निर्देशक झाउ होङले बढ्दो कूल ग्रार्हस्थ्य उत्पादन (जीडीपी) ले मात्र राष्ट्रिय पुनर्जागरणको प्रतिनिधित्व गर्ने गर्दैन । त्यसअन्तर्गत अरू पनि धेरै पक्षहरूजस्तै संस्कृति, सामाजिक संगठनहरू र राजनीतिको तर्कसंगता आदि पर्दछन् । यस अर्थमा चीनले छिचोल्नुपर्ने बाटो निकै लामो छ । चीनको संरचनागत बन्दोबस्त र विकासका अवधारणा पश्चिमा देशहरूको सापेक्षमा निश्चय पनि भिन्न छ किनभने संसार नै विविधतापूर्ण छ । चीनले आफूलाई दासता र उत्पीडनबाट मुक्त गर्‍यो र बाहिरी विश्वसँग सहकार्य गरेर आफ्नो विकास आफैँले गरेको हो । भिन्न देशका आ-आफ्ना संस्कृति, इतिहास र स्रोतहरू भिन्न हुने भएकाले प्रशासनका भिन्नभिन्न उपायहरू प्रभावकारी हुने गरेका चीनको विकासले प्रमाणित गरेको छ । चीनका उपलब्धिहरूले उसले अँगालेको बाटो उसको राष्ट्रिय अवस्था सुहाउँदो भएको पुष्टि गरेको छ । त्यसले संसारलाई थप विविधतापूर्ण बनाउन र सोझो प्रभुत्ववादी मानसिकताबाट मुक्त हुन उत्साहित गरेको छ ।



**शान्तिको सपना**

५ सय वर्षभन्दा लामो विस्तारवादी इतिहास बोकेका पश्चिमा देशहरूले कमजोर देशहरूलाई उपनिवेशको निशाना बनाए भने शक्तिशाली देशहरूको मनसाय औपनिवेशिक विस्तारवाद नै थियो । ऊ सिओमिङले इटालीका पादरी माटियो रिक्कीले चीन निकै भिन्न भएको बताएको कुरालाई स्मरण गरे । रिक्की सन् १५८३ मा चीनमा आएका थिए र सन् १६१० मा उनको चीनमै निधन भएको थियो ।

रिक्कीले चीनमा ४ हजार वर्षको इतिहास अध्ययन गरेर त्यसबीचमा चीनले कुनै पनि देशहरूमाथि कुनै कब्जा नजमाएको वा भू-भागमाथि नियन्त्रण नजमाएको निष्कर्ष निकालेका थिए । ऊ सिओमिङले जर्मनीका अर्का दार्शनिक म्याक्स वेभरलाई उद्धृत गर्दै अर्को उदाहरण प्रस्तुत गरेका छन् । वेभरले चीनको उथलपुथलपूर्ण इतिहास सधैं शान्तिवादतर्फ अभिप्रेरित भएको टिप्पणी गरेका थिए । ऊका अनुसार चिनियाँ संस्कृतिको विकासका आरम्भिक वर्षहरू सैनिकीकरणमा आधारित भए तापनि र सुरुको ऐतिहासिक कालखण्डहरूमा युद्धहरू भए तापनि हान वंशपछिको चीन क्रमशः शान्तिपूर्ण साम्राज्य बनेको थियो । त्यतिबेला चीनको सम्राटलाई योद्धाहरूको राजाभन्दा पनि किसानहरूका अभिभावकको रूपमा लिने गरिन्थ्यो । जसै देशको शासन नागरिकहरूको हातमा गएसँगै चिनियाँ दर्शन क्रमशः शान्तिवादतिर रूपान्तरण हुँदै गयो ।

चीनको शान्तिपूर्ण विकासको पथले विश्वव्यापी प्रभावसँगै ऐतिहासिक महत्वलाई एकाकार गरेको छ । यसले आधुनिक पुँजीवादी विकासमा परिवर्तन ल्याएको छ र संसारमा अविस्तारवादी र अप्रभुत्ववादी अवधारणालाई गति दिएको छ, ऊले भने । म्याक्स वेभरले चीनको सरकारी नैतिक संहिता कम्फ्युससवादको आधारभूत रूपमै शान्तिवादी भएको विचार पनि अघि सारेका थिए । त्यसले आत्माको डरलाई देखाएको थियो, जसले मानिसहरूका आधिकारिक म्याग्नाकार्टाको रूपमा काम गरेको थियो । उदाहरणको रूपमा बुद्ध धर्मको शान्तिवादी विचारका कारण त्यो धर्म चीनमा प्रवेश पाएको एक मात्र भारत वर्षको धर्म थियो ।

चिनियाँ संस्कृति विविधतायुक्त र अन्य संस्कृतिहरूप्रति निकै लचिलो, समावेशी र मिलेर बस्न सक्ने खालको छ । माटियो रिक्की सन् १६०० मा बेइजिङ पुगे । उनी यहुदीहरूको एक समूहसहित केइफिङबाट त्यहाँ पुगेका थिए । त्यतिबेला केइफिङ चीनकै एउटा ठूलो सहर थियो । कालान्तरमा ती यहुदीहरू सरकारका परीक्षाहरूमा प्रतिस्पर्धा गर्न थाले । उनीहरूले चीनका चार पुस्तकहरू र पाँच शास्त्रहरू अध्ययन गर्नथाले र समयान्तरमा आफ्ना पुराना शास्त्रहरू बिर्सन थाले । समय बित्दै जानेक्रममा यहुदीहरूको यो समूह स्थानीय जनजीवनको हिस्सा बन्न पुगे ।

सीएएसएसअन्तर्गत साहित्य प्रतिष्ठानका निर्देशक लु च्याङदेले नयाँ सांस्कृतिक आन्दोलन (सन् १९१५-१९१७, सन् १९१९-१९२३) लाई चीन र अरू विदेशी देशहरूसँग सांस्कृतिक सम्बन्धको आन्दोलनको रूपमा बुझ्न सकिने बताएका थिए ।

आज पनि चीनले ठूलो संख्यामा पश्चिमा राजनीति र अर्थशास्त्रका अवधारणा आयात गर्ने गरेको छ ।

सन् १९७३ मा चर्चित अङ्ग्रेजी इतिहासकार अर्नोल्ड जे : टोएनबी र जापानी संस्कृति र धर्मका विख्यात प्राधिकार डायूसाकु इकेदाबीच संवाद भयो । उनीहरू दुबै जना आधुनिक समाजले ठूल-ठूला चुनौतीहरू सामना गरिरहेकोमा सहमत भए । कुनै एउटा राष्ट्रिय राज्यको आफ्नो साँघुरो राष्ट्रिय स्वार्थ पूर्ति गर्न खोज्दा मानवजाति नै सखाप बन्ने अवस्थाबाट हामी कसरी जोगिन सक्छौं ? त्यसको एउटै उपाय भन्नु विश्व राज्यव्यवस्था बनाउनु हो । तथापि यो काम फत्ते गर्न पश्चिमा देशहरू असफल भए । रोमन साम्राज्यको अन्त्यपश्चात पश्चिमा देशहरूको राजनीतिक परम्परा राष्ट्रवादी बन्यो तर सम्पूर्ण मानवजातिको हित हेर्ने खालको भएन । पश्चिमा देशहरूले अर्थतन्त्र, विज्ञान र प्रविधिमा ठूल्ठूला फड्को त मारे तर सबै मानवजातिको साझा हितमा एउटा विश्व समुदाय बनाउन भने उनीहरू असफल भए । शान्तिवाद र मानवजातिको हितलाई हेर्ने कुरा चीनले मात्र गर्न सक्दछ । चीनसँग सम्पूर्ण विश्वलाई एक मान्ने परम्परा छ ।

चीनको रेनमिन विश्वविद्यालयअन्तर्गत अन्तर ाष्ट्रिय अध्ययन केन्द्रका प्राध्यापक वाङ यिवेइले पनि पश्चिमा जगत्मा काम गरेको बाटोले चीनमा काम गर्न नसक्ने स्वीकारेका छन् किनभने चीनसँग अल्याख जनसंख्या छ तर थोरै मात्र स्रोतहरूको उपलब्धता छ । आज चीन दिगो विकासको बाटोमा अघि बढिरहेको छ । चीन सरकारले न्यून कार्बन उत्सर्जनको अर्थतन्त्रतर्फ विकासलाई दोहोर्‍याइरहेको छ । पहिले र अहिले तुवाँलोले निलेका चिनियाँ सहरहरू चीन सरकारको लागि चुनौती बनेका छन् । श्वास नै फेर्न गाह्रो मौसम पुरानो आर्थिक विकासको प्रत्योपादन हो र आज चीन सरकार त्यो पुरानो अर्थतन्त्रमा रूपान्तरणको लागि काम गरिरहेको छ । पश्चिमा देशहरूले केही सय वर्ष लगाएर प्राप्त गरेका उपलब्धिहरू चीनले केही दशकभित्रै हासिल गरेको कुरा यहाँ उल्लेखनीय छ ।

चिनियाँ कम्युनिस्ट पार्टीको १८ औं केन्द्रीय समितिको तेस्रो विस्तारित बैठकमा विभिन्न प्रणालीहरूमा सुधार गर्दै चीनले सन् २०२० सम्ममा प्रमुख क्षेत्रहरूमा उल्लेख्य उपलब्धि हासिल गर्ने कुरा प्रष्ट उल्लेख छ । त्यसको अर्थ संस्थागत निर्माणको सन्दर्भमा चीन अरू प्रतिष्पर्धात्मक हुँदै जानेछ । कार्ल मार्क्सले पुँजीवादी व्यवस्थाको आलोचनाले पश्चिमा विश्वलाई पुँजवादी व्यवस्थामा सुधार ल्याउन जसरी सहायता गरेको थियो, त्यसरी नै चीनले केही हदमा पश्चिमा देशहरूलाई आफ्नो बन्दोबस्त र आफ्नो देशको छवी कायम गर्न मद्दत गर्नेछ ।

**साझा चिनियाँ सपना**

सन् २०१३ डिसेम्बरको सुरुआतमा चिनियाँ राष्ट्रपति सी जिन पिङले २१ औं शताब्दीको परिषद्का सदस्यहरूलाई चीनले विश्वका अरू देशहरूसँग सद्भाव र सहअस्तित्वको बाटो अँगाल्ने बताएका थिए । चीनको विकासले संसारको आर्थिक संरचना र श्रमको आर्थिक विभाजनमा परिवर्तन ल्याएको छ, धेरै प्रविधिको कार्यान्वयनले गति लियो, संसारभरिकै मानिसहरूको जीवनमा सुधार भयो, मानव विचार र संस्कृतिको सञ्चारलाई समृद्ध तुल्यायो र शासन तथा प्रशासन सञ्चालनमा अनुभव आदान-प्रदानलाई प्रोत्साहन गर्‍यो ।

चिनियाँ अन्तर्राष्ट्रिय प्रकाशन समूहका सभापति झाउ मेङ्वेले चिनियाँ सपनालाई खुला र समावेशी अवधारणाको रूपमा व्याख्या गरे । चिनियाँ सपना संसारसँग अन्तरसम्बन्ध स्थापना गर्ने विचार हो र सँगै विकास सहकार्य गर्न साझा पहलको विश्वास निर्माणसँग यो विचार सम्बन्धित छ ।

मञ्चको बैठक सुरु हुन एकदिन अघि झाउ होङले जर्मनीबाट एउटा निमन्त्रणा पाए । सन् २०१४ को वसन्तयाममा आयोजना गरिने 'युरोप : सपना र यथार्थ' शीर्षकको युरोपेली सपना विषयक एउटा सेमिनारको आयोजना गर्न लागेको रहेछ । सपना निर्माणमा चीन असमावेशी हुनु नहुने झाउको विचार छ । सपना साकार बनाउने क्रममा हामीले अरू देशहरूसँग मिल्नुपर्ने र सिक्न जरुरी भएको उनको भनाइ हो । प्रतिस्पर्धा, अनुसन्धान, सहकार्य र आपसी हितमा आधारित भएर हामी अरू देशहरूसँग मिलेर हाम्रा सपनाको विकास र कार्यान्वयन गर्न सक्छौं । त्यसो गरे हामीले आफ्नो सपनामा हामी खुसी हुन सक्छौं, सुन्दर यथार्थ बनाउन सक्छौं र आपसी हितको समुदाय बनाउन सफल हुनेछौं ।

कोस्टारिका विश्वविद्यालयका राजनीतिशास्त्रका प्राध्यापक पाट्रिसिया रोड्रिग्युज होल्केमेयरले चिनियाँ सपनाले प्राथमिक रूपमा आन्तरिक राजीतिक क्षमता हासिल गर्ने प्राचीन दर्शनशास्त्रमा विशेष जोडलाई ध्यान दिनुपर्ने बताए । आर्थिक वा सैनिक क्षमता हासिल गर्नुभन्दा बढी महत्वपूर्ण पक्ष सदभावपूर्ण संसार निर्माण गर्ने चिनियाँ भावना सफल पार्न चीनले यो कुरामा ध्यान दिन जरुरी छ ।

मेक्सिकाली राष्ट्रिय स्वायत्त विश्वविद्यालयअन्तर्गत अन्तर्राष्ट्रिय सम्बन्ध अनुसन्धान केन्द्रका प्राध्यापक मारिया क्रिष्टिना रोजासले चिनियाँ सपना र मेक्सिकाली सपनाको लक्ष्य एउटै भएको तर बाटाहरू अलग-अलग भएको बताइन् । एउटै लक्ष्य भन्नाले ती दुवै सपनाहरूले ती देशहरूका विकासका समस्याहरूलाई सम्बोधन गर्दछ । जस्तै, असमान आय वितरण, असन्तुलित क्षेत्रीय विकास, उमेर पुगेको समाज तथा पूर्वाधार विकास र उर्जाको बढ्दो माग आदि । अलग अलग बाटोको अर्थ ती समस्याहरू समाधान गर्ने फरक फरक उपाय र अवधारणाहरू हुन् । चीन दीर्घकालिक विकास रणनीति बनाउने काम गर्दै भन्ने मेक्सिकोमा सरकारको आयुअनुसार छोटो वा मध्यावधि रणनीति बनाउने काम गरिरहेको छ । मेक्सिकाली सपनाले चिनियाँ सपनाबाट सफलताका धेरै कुा सिक्न जरुरी छ र मेक्सिकोको लागि दीर्घकालीन रणनीतिको विकास गर्न जरुरी छ ।

कुवेत विश्वविद्यालयअन्तर्गत राजनीतिशास्त्र कलेजको प्राध्यापक मोहम्मद सेलिमले चिनियाँ सपनाको राष्ट्रिय परियोजना राष्ट्रिय नेताहरूले अघि बढाउनुपर्दछ र जनताका हितलाई ध्यान दिनुपर्दछ । सामाजिक संकट भोगिरहेको अरबका देशहरू आज चिनियाँ सपनाको विकास र त्यसको अरब देशहरूमा परिरहेको प्रभावबारे गम्भीरतापूवर्क हेरिरहेका छन् । 'चीन र अरब देशहरूबीच आतंकवाद विरोधी तालिम, दुई पक्षीय आर्थिक सम्बन्ध र मध्यपूर्वका शान्तिको रक्षाबारे सहकार्य हुनसक्ने मनग्य क्षेत्रहरू छन्' प्राध्यापक सेलिमले भने ।

Chinese Dream, a Dream Influencing the World
CHINA TODAY
Vol. 63 No.1, Janaury 2014

# अखिल नेपाल जनसांस्कृतिक महासङ्घ, केन्द्रीय समितिको अपील

पलायनता, भागदौड र लम्पसारवादका विरुद्ध क्रान्तिकारी सांस्कृतिक ध्रुवीकरणलाई तीव्र बनाऔँ !
मरणासन्न राष्ट्रघाती तथा जनघाती एकाधिकार दलाल पुँजीवादी संसदीय निर्वाचनका विरुद्ध सशक्त प्रतिरोध गरौँ !!



**आदरणीय संस्कृतिकर्मीहरू !**

प्रतिक्रियावादी-दक्षिणपन्थी हावाहुन्डरी चलिरहेको यतिबेला नेपालमा दिनहुँ नियमितता र आकस्मिकताका दर्जनौं परिघटना देखापरिरहेका छन् । १० वर्षको जनयुद्ध, १९ दिने जनआन्दोलन र नेपाली धर्तीमा भएका सबै किसिमका वर्गसङ्घर्ष, तिनमा जनताबाट अभिव्यक्त त्याग, समर्पण र बलिदानी उच्च मूल्यका विरुद्ध मरणासन्न राष्ट्रघाती तथा जनघाती एकाधिकार दलाल पुँजीवादी संसदीय व्यवस्थाका मतियारहरू मरिमेटेर लागिपरेका छन् । उनीहरू नेपालमा क्रान्तिकारी विचार, सपना र सम्भावनाको मुना निमोठ्न उद्यत छन् । मुलुक नयाँ किसिमको वर्गयुद्धको तुफानी मोडमा उभिएको छ । जनयुद्ध हुँदै कथित शान्तिप्रक्रियाका माध्यमबाट लम्पसारवादमा चुर्लुम्म डुब्न पुगेको प्रचण्डमण्डली यतिखेर देश र जनताका विरुद्ध खुलमखुला र निर्लज्ज भएर उभिएको छ । परम्परागत अनुदार प्रतिक्रियावादी-संसद्वादी देउवामण्डली र प्रतिक्रियावादमा पतन भइसकेको तथा ख्रुश्चेबपन्थी एमालेको जबजमा विलुप्त प्रचण्डमण्डलीले क्रान्तिकारी नेता, कार्यकर्ता, लेखक, साहित्यकार, पत्रकार, कलाकार, जनता सबैलाई ज्यानी-दुश्मनको व्यवहार गरिरहेको छ । तिनीहरू साम्राज्यवादी मतियार हुन्, जसका कारण राष्ट्रिय सङ्कट दिनानुदिन बढोत्तरी हुँदै गएको परिस्थितिमा जनताको विकसित प्रतिरोधी र मुक्तिकामी चेतनाको प्रतिबिम्बन नेपालमा नयाँ क्रान्तिको अपरिहार्यताको द्योतक हो । इतिहासको एउटा कालखण्डमा भएको रक्तपातपूर्ण ऐतिहासिक निरन्तरतामा क्रमभङ्गतासँगै नेपाली राजनीतिमा अर्को निरन्तरताको अवस्था देखापर्दैछ । हामीलाई थाहा छ, जनताको भौतिक-सङ्घर्षसित वैचारिक-सांस्कृतिक सङ्घर्ष परिपूरक हुन्छन् । आज वैज्ञानिक समाजवादी राज्यसत्ताको स्थापनाको सहिदी सपना अलपत्र पारिएका छन् । महान् सहिदहरूका बलिदानको जगमा वैज्ञानिक समाजवादी राज्यसत्ताको पिरामीड खडा गर्नुपर्ने यतिबेला तिनै सहिदी सपनालाई लिलामी मालमा फेरिएको छ, कुर्सीसित साटिएको छ, साम्राज्यवादी शक्तिकेन्द्रको पाउमा लम्पसार परेर समर्पण गरिएको छ । कथित लोकतान्त्रिक व्यवस्थाको आबरणमा दलाल तथा निरङ्कुश सत्ताले गरेको यस किसिमको अन्यायपूर्ण हर्कतले आमूल परिवर्तनकारी शक्तिलाई अत्यन्त क्षुब्ध र आक्रोशित तुल्याउनु स्वाभाविक कुरा हो ।

देश र जनताका विरुद्ध प्रतिक्रियावादी सत्ताद्वारा लादिएको कथित निर्वाचन (स्थानीय, प्रादेशिक र सङ्घीय) का विरुद्ध अथाह जनसागर उर्लिएको छ । देश र जनताको विपक्षमा रहेको कथित निर्वाचनलाई पूर्णतः खारेज गर्नुको कुनै विकल्प छैन । जनताको प्रतिरोधी चेतना र क्षमतामा उल्लेख्य विकास भएको छ । निर्वाचन खारेजी अभियानबाट दलाल सत्ता र तिनका मतियारहरू नराम्ररी अत्तालिएका छन् । परिणामतः सत्ताले नेता-कार्यकर्ता, लेखक, साहित्यकार, पत्रकार, कलाकार, समर्थकलाई अन्धाधुन्ध पक्रने, यातना दिने, झुठा मुद्दा लगाउने काम तीब्र बनाएको छ । हाम्रो सङ्गठनका महासचिव खेम थपलियालाई दङ्गा प्रहरीद्वारा मूलबाटोमा नियन्त्रण लिएर दुर्व्यवहार गरिएको छ । कोषाध्यक्ष आरोह नेपाली, केन्द्रीय सदस्य बुद्ध लामालगायतका जनकलाकारहरूलाई पक्राउ गरेर थुन्ने काम गरिएको छ । मेची ब्युरो प्रमुख नवल गजमेरलाई बिरामी अवस्थामै घरबाट पक्राउ गरेर थुनामा राखिएको छ । राप्ती ब्युरो प्रमुख हिमाललाई २८ दिन हिरासतमा राखिनु, लुम्बिनी ब्युरो प्रमुख खोमा तरामु मगरलाई पटक-पटक नियन्त्रणमा लिनु र मानसिक यातना दिइनुले सत्ताधारीको विक्षिप्त मनोदशालाई नै उजागर गरेको छ । केन्द्रीय टोली सामना सांस्कृतिक परिवारको सेल्टरमा पटक-पटक छापा मार्ने, पक्राउ गर्ने, यातना दिने काम यो सत्ताले गरेको छ । कतिपय स्थानमा सामना परिवारका सांस्कृतिक कार्यक्रमहरूको प्रदर्शनमा रोक लगाइएको छ । क्षितिज सांस्कृतिक परिवार, रक्तरञ्जित सांस्कृतिक चुनु-शिल्पा सांस्कृतिक परिवार, जलजला सांस्कृतिक परिवार, सुखानी सांस्कृतिक परिवार, सजधका सांस्कृतिक परिवारलगायत सांस्कृतिक परिवारका कार्यक्रममाथि ठाउँ-ठाउँमा रोक लगाइएको छ । पटक-पटक जनताका कलाकारलाई पक्रने र यातना दिइएको छ । यो सत्ताले कथित स्थानीय निर्वाचनपश्चात मात्र पनि हाम्रो सङ्गठनका झन्डै ३ दर्जन लेखक-साहित्यकार, कलाकारलाई विभिन्न यन्त्रणा दिने काम गरेको छ । हाम्रा झन्डाहरू खोसिएका छन्, मादल, सारङ्गी र गितारहरू लुटिएका छन्, कलमहरू बन्द गराइएका छन् । जसको रगत, पसिना र कौशलका आधारमा माओवादी केन्द्र नाम गरेको समूह आज जुन ठाउँमा पुगेको छ; सोही समूह आज सर्वाधिक प्रतिक्रियावादी बन्दै जनताका कलाकारहरूलाई दुश्मनीपूर्ण व्यवहार गरिरहेको छ । माओवादी केन्द्रको यस किसिमको कृतघ्न पराकाष्ठाको जति निन्दा र भर्त्सना गरे पनि कमै हुन्छ ।

एकातिर मक्किएको संसदीय व्यवस्थालाई नयाँ जामा भिराएर भ्रम सिर्जना गर्ने काम सत्ताधारीहरूले गरिररहेका छन् भने अर्कोतिर दमन गरेर तह लगाउन सकिन्छ भन्ने मनसायका साथ जनतालाई दमन गर्ने कार्य पनि तीब्र पारेका छन् । यो सत्ताले भित्तेलेखन गर्दा, पोस्टर टाँस्दा, कलेजमा पढाइरहँदा र पढिरहँदा पक्राउ गरेर थुनेको छ । त्यति मात्र होइन, स-साना नानीहरूका साथ घरमा सुतिरहेका आमाहरूलाई मध्यरातमा पक्राउ गर्ने, थुन्ने र चरम दुर्व्यवहार गर्ने कामलाई आफ्नो बहादुरी सम्झिरहेको छ । नाबालक, घाइते र अपाङ्गहरूलाई पनि यो सत्ताले बाँकी राखेन । अस्पतालमा उपचार गराइरहँदा, गम्भीर बिरामी परेर घरमै बसेर आराम गरिरहँदा पनि यो सत्ताले गैर-न्यायिक पक्राउ गर्ने कामलाई झन्भन्दा झन् तीब्र बनाउँदै लगेको छ । तर, जनतालाई यो कुरा पनि राम्ररी थाहा छ कि सर्वहाराक्रान्तिको विकल्प छैन, यसको विजयको पनि कुनै विकल्प छैन । लेनिनले भन्नुभएजस्तै नेपालमा युद्धबाट सिर्जित विध्वंसको कारण एउटा आम-क्रान्तिकारी सङ्कट पैदा भएको छ, जसको दीर्घकालिक र अप्ठ्यारा चरणहरूका बाबजुद सर्वहाराक्रान्ति र यसको विजयबाहेक अन्य कुनै तरिकाले अन्त्य हुन सक्दैन ।

**आदरणीय जनसमुदाय !**

डरलाग्दो कुरा यो भएको छ कि मुलुकमा निगमीय पुँजीवादी सत्ताले विषालु फणा फैलाउने जमर्को गरिरहेको छ । सबैखाले साम्राज्यवादी शक्तिले यसलाई मलजल गरिरहेका छन् । यतिबेला मुलुकमा अढाईसय वर्षदेखि जनताको रगत पिउँदै र हड्डी घोट्दै आएका जनबैरीहरू नयाँ आबरणमा कथित लोकतान्त्रिक र वाम-गठबन्धनको भ्रमजाल फैलाउन व्यस्त छन् । देशमा एउटै कम्युनिस्ट केन्द्र बनाउने प्रहसन पनि चलिरहेकै छ । देशमा दुईदलीय व्यवस्थाका माध्यमबाट जनताको शिरमाथि दमन, अन्याय, अत्याचार र शोषणको जाँतो घुमाउने मनसायबाट ग्रसित संसद्वादीहरू सबै किसिमका मूल्य र मान्यतालाई तिलाञ्जली दिँदै जनदमन र जनहत्यामा निर्लिप्त हुन थालेका छन् । साम्राज्यवादी शक्तिको निर्देशन र पृष्ठपोषणमा मात्र सत्तालिप्साका खातिर ध्रुबीकृत हुँदै गएको संसदीय सत्ताका विरुद्ध जनताले पनि क्रान्तिकारी ध्रुबीकरणमा जोड दिने बेला आएको छ । क्रान्तिकारी ध्रुबीकरणका माध्यमबाट मात्रै जनताको सुखी र उज्ज्वल भविष्यको सुनिश्चितता गर्न सकिन्छ । हर-चुनौतीको सामना गर्दै क्रान्तिकारी राजनीतिक कार्यदिशा एकीकृत जनक्रान्तिमार्फत जनताको वैज्ञानिक समाजवादी राज्यसत्ता प्राप्तिको यो निर्णायक लडाइँमा जनसांस्कृतिक क्षेत्रको अहम् भूमिका हुने कुरा हामीले कदापि बिर्सनुहुँदैन ।

महान् सहिदहरूका रगतले लेखेको इतिहास, उनका जीवनोत्सर्ग, आस्था, बलिदानको सपना र वैचारिक निष्ठाले प्रतिरोध संस्कृति, त्याग, बलिदान र वर्गसङ्घर्षको संस्कृतिको निरन्तरताको आवश्यकतालाई नै इङ्गित गरेको छ । आज हामीलाई फेरि एकपटक शौर्य, साहस र वीरताको यौद्धिक-गायन चाहिएको छ । फेरि एकपटक कुची, कलम र मादलसित वर्गीय विचार, आस्था र सघन वर्गसङ्घर्षको अन्तरघुलनको आवश्यकता परेको छ । हाम्रो गौरवशाली सांस्कृतिक क्षेत्रका तर्फबाट वर्गसङ्घर्षमा कृष्ण सेन 'इच्छुक' सहित १७० भन्दा बढीले जीवनाहुति दिइसकेका छन् । काभ्रेको अनेकोट, अछामको डुङ्गला र विनायक, रोल्पाको भाबाङलगायतका स्थानहरूमा तत्कालीन फासिवादी सत्ताद्वारा सामूहिक हत्या गरिएका सांस्कृतिक सहिदहरू हाम्रा प्रेरणा, गौरव र सचेतना भएर उभिएका छन् । यतिखेर हामी महान् सांस्कृतिक सहिदहरू कृष्ण सेन इच्छुक, मस्त बिस्ट, च्याङ्वा लामा, चुनु गुरुङ, शारदा श्रेष्ठ, हर्षबहादुर मल्ल, डीबी थापा, पुष्पराज चौधरी, रोहित कोइराला, ध्रुब ज्ञवाली र सामूहिक सांस्कृतिक हत्याकाण्डमा सहादत प्राप्त गर्ने सहिदहरूलगायतका सम्पूर्ण सहिदहरूले सांस्कृतिक साम्राज्यवादका विरुद्ध हामीलाई महान् सांस्कृतिक क्रान्तिमा लामबद्ध हुन प्रेरित गरिरहेका छन् । यतिबेला सबै प्रकारका उत्पीडन र अपसंस्कृतिका विरुद्ध खडा हुँदै न्याय, समानता र स्वतन्त्रताको पक्षमा आफूलाई दृढतापूर्वक उभ्याउनु, सामन्तवाद, साम्राज्यवादलगायत सबैखाले प्रभुत्ववादका विरुद्ध खडा हुँदै राष्ट्रिय स्वाधीनताका निम्ति सङ्घर्षरत रहनु परिवर्तनकामी जनसंस्कृतिकर्मीको दायित्व बन्न गएको छ । माओले भन्नुभएजस्तै सम्पूर्ण प्रतिक्रियावादीहरू कागजी बाघ हुन् । देखाइमा, प्रतिक्रियावादीहरूले आतङ्कित पारिरहेका छन् तर यथार्थमा तिनीहरू त्यति शक्तिशाली छैनन् । दीर्घकालिक दृष्टिले हेर्ने हो भने प्रतिक्रियावादीहरू होइन, जनता नै वास्तविक अर्थमा शक्तिशाली छन् । जतिबेला साम्राज्यवादको अन्त्य गरिनेछ, त्यतिबेला मात्र शान्ति स्थापित हुनेछ । कागजी बाघहरू बढारिएको दिन आउनेछ तर उनीहरू आफैँ र आफ्नै कारणले मात्र समाप्त हुनेछैनन्, उनीहरू हुरी र झरीबाट चुटिनु आवश्यक छ ।

**आदरणीय संस्कृतिकर्मीहरू !**

नेपालमा राष्ट्रियता, जनतन्त्र र जनजीविकाको सङ्घर्ष लामो समयदेखि हुँदै आएको छ । प्रतिक्रियावादी-दक्षिणपन्थी हावाहुन्डरी चलिरहेको यतिबेला केही नलकट पछारिनु, ढल्नु, सोत्तर हुनु कुनै अनौठो कुरा होइन । राष्ट्रिय स्वाधीनता त्यतिबेला मात्र सार्थक हुन सक्छ, जतिबेला जनताले जनतन्त्र र जनजीविका प्राप्त गर्दछन् । नेपालमा राजनीतिक क्रान्तिसँगै सर्वहारा सांस्कृतिक क्रान्तिको आवश्यकता समयको माग हो । सर्वहारावर्गको पार्टी र आन्दोलनमाथि जनताको निगरानी र नियन्त्रणलाई सधैँभरि उच्च स्थानमा राख्नु महान् सर्वहारा सांस्कृतिक क्रान्तिको महत्वपूर्ण पक्ष हो । विश्वमा झैँ नेपालमा पनि कुनै समयको सर्वहारा पार्टी अर्को समयमा बुर्जुवा नोकरशाही पार्टीमा बदलिन सक्छ भन्ने कुरा माओवादी केन्द्रको उदाहरण ताजा र काफी छ । जनताको निगरानी र नियन्त्रणले मात्र सर्वहारा पार्टी सधैँभरि वर्गीय मूल्य र मान्यतामा रहिरहन सक्छ । पुरानोको ध्वंस र नयाँको स्थापना वैज्ञानिक समाजवादी राज्यसत्ताको आधारभूत सर्त हो । नेपाल र नेपाली जनता सदैव पछाडि पर्नुको मुख्य कारण दलाल पुँजीवादी संसदीय सत्ता नै हो । पुँजीवादी संसदीय सत्ताको विकल्प वैज्ञानिक समाजवादी व्यवस्था मात्र हो भन्ने कुरामा कसैलाई पनि दुविधा हुनुहुँदैन ।

हामीलाई थाहा छ, सहिदका रगतद्वारा लेखिएको इतिहास कसैले मेट्न सक्तैन । विश्वभर लेनिनको नेतृत्वमा सम्पन्न भएको महान् अक्टोबर क्रान्तिको शतवार्षिकी बनाइरहँदा, विश्वमा पुनः सुनौलो समाजवादी क्षितिज उघारिने आशालाई हृदयमा सजाइरहेकै बेला नेपालको घरेलु राजनीति अत्यन्त पेचिलो भएर उभिएको छ । आन्दोलनभित्रका एकाध मानिस पलायनतावादी भागदौडमा सामेल भएर लम्पसारवादी आत्मकेन्द्रित अवसरवादको आहालमा चुर्लुम्म डुबे पनि हाम्रो आस्थाको प्रतीक प्रिय रातो झन्डा कहिल्यै झुक्नेछैन, झुक्न दिइनेछैन । दलालहरूका विरुद्ध लड्ने क्रान्तिकारी संस्कृतिलाई कुनै पनि हालतमा कमजोर हुन दिइनेछैन ।

अन्तमा, मरणासन्न राष्ट्रघाती तथा जनघाती दलाल पुँजीवादी संसदीय निर्वाचनमा कुनै पनि तवरबाट सहभागी नबन्न तथा यसका विरुद्ध सशक्त प्रतिरोध गर्न विशेष आह्वान गर्न चाहन्छौँ । यतिबेला वर्गमुक्तिको यात्रामा वर्गचेतना, वर्गप्रेम एवम् साम्यवादी सपना र साहसका साथ, देशभरका सम्पूर्ण क्रान्तिका पक्षधर कलाकार, लेखक-साहित्यकार र संस्कृतिकर्मीहरूलाई आ-आफ्नो ठाउँबाट क्रान्तिकारी सांस्कृतिक ध्रुबीकरणमा लामबद्ध हुन अपील गर्नु हाम्रो कर्तव्य बन्न पुगेको छ ।

क्रान्तिकारी अभिवादनसहित !

२७ कात्तिक, २०७४

## कविता

### अन्तर्राष्ट्रिय झण्डा



■ निभा शाह

बडा हजुर !
तुमी देशको कुरा गर्छौ
तुमी राष्ट्रियताको कुरा गर्छौ
पोहोर हिउँदमा मेरो छोरो
चिसा सिरौटाले मर्‍यो
यो देशको झण्डा
मेरा छोराका लागि
बाँच्दा न बर्को भएर आयो
मर्दा न कात्रो भएर आयो
बडा हजुर !
तुमी देशको कुरा गर्छौ
तुमी राष्ट्रियताको कुरा गर्छौ ।

बडा हजुर !
यो देशको झण्डामा
ओथारो बस्ने चन्द्र सूर्य
मेरा लागि न कहिल्यै ताप भएर आयो
मेरा लागि न कहिल्यै शितल छहारी भएर आयो
बडा हजुर !
तुमी देशको कुरा गर्छौ
तुमी राष्ट्रियताको कुरा गर्छौ ॥

बडा हजुर !
मेरा पुर्खाका रक्तनलीले सिएको झण्डा
मेरै रगत पसिनामा बाँचेको झण्डा
अचेल दिनदिनै मेरा लागि
रातो बाकस बोकेर आउँछ
बडा हजुर !
तुमी देशको कुरा गर्छौ
तुमी राष्ट्रियताको कुरा गर्छौ ॥।

बडा हजुर !
मेरा बज्यै र बाजेहरु भन्थे
उचेल यो झण्डा
महाराजहरुका लागि
ब्लड मनी बोकेर आउँथ्यो
अचेल यो झण्डा
मालिकहरुका लागि
रातो डलर बोकेर आउँछ
बडा हजुर !
तुमी देशको कुरा गर्छौ
तुमी राष्ट्रियताको कुरा गर्छौ ।

बडा हजुर !
यो देश/यो देशको भूगोल/यो देशको सम्पदा
यो देशको सार्वभौम सत्ता/यो देशको जमिन
सबै-सबै
मेरो नाममा चल्छ
मु पेटभरि अन्न खान्या माटो पाउँदैन
बडा हजुर !
तुमी देशको कुरा गर्छौ
तुमी राष्ट्रियताको कुरा गर्छौ ॥

बडा हजुर !
यो देशको संविधान/यो देशको गणतन्त्र
यो देशको लोकतन्त्र/संघतन्त्र/भोटतन्त्र/चुनावतन्त्र
यो देशको जनयुद्ध
सबै-सबै
मेरै रगत पसिनाको खोलो बगाएर
मेरै दुनियाँ बदल्न आउँछन्
मु मेरो छोरो मर्दा
दुई बित्ते कात्रो पाउँदैन
सिंहदरबारमा फर्फराइरहने झण्डाको
एक चोट्को पाउँदैन
बडा हजुर !
तुमी देशको कुरा गर्छौ
तुमी राष्ट्रियताको कुरा गर्छौ ॥।

बडा हजुर !
मु अच्याल गमिरहेछु
विश्वभरिका दशगजाहरु
मालिकहरुका अंशवण्डाका साँधसिमाना मात्र हुन्
अब मु पिरामिड बोकेर बाँचेका
दशगजाहरु भत्काउँछु
र
मात्र मान्छेत्व बोकेको
अन्तर्राष्ट्रिय झण्डा फहराउँछु
बडा हजुर !
अब हामी भूइमाण्ठ/भूईफूल
मात्र मान्छेत्व बोकेको
अन्तर्राष्ट्रिय झण्डा फहराउँछौं
बडा हजुर !
तुमी देशको कुरा गर
तुमी राष्ट्रियताको कुरा गर
तुमी चलाउ तुमरा विरासती मौजाहरु
हामी भूईमाण्ठ भत्काउँदै जानेछौँ
तुमरा मौजाहरु/तुमरा विरासतहरु
तुमरा गठ र मठहरु
तुमरा सनातनी संस्कृतिहरु
र
फहराउनेछौं अन्तर्राष्ट्रिय झण्डा
हामी भूईमाण्ठ ।

## चन्दा आतङ्कले ...

छ। त्यसको स्रोत पारदर्शी छैन। चुनावमा भैरहेको बेलगाम खर्चले देश टाट पल्टन सक्ने विज्ञहरूको धारणा छ। उता नेताहरूले चुनावी खर्चका लागि शेयर बिक्री बढाएका कारण शेयर बजार अकल्पनीय रूपमा खस्केको छ। नेपालमा लाभको पदमा रहेका नेता र कर्मचारीको हातमा सबैभन्दा धेरै शेयर छ।

## निर्वाचन कि ...

शेरबहादुर केसी र राजकुमार शर्माले एक प्रेस विज्ञप्ति निकाली घटनाको विरोध गरेका छन्।

यता बिहीबार मकवानपुरका स्थानीय बासिन्दाले प्रदेश सभाका उम्मेदवार इन्द्र बानियाँको चुनावी सभा विथोलेका छन्। मनहरी-१ मकरीपर्दामा साँझ ५ बजे पुगेको काङ्ग्रेस नेता बाँनियाको चुनाव प्रचार टोलीलाई स्थानीयले ढुङ्गामुढा गरेपछि सभा बिथोलिएको हो।

### देशव्यापी प्रहरी दमन तीव्र

शान्तिपूर्ण तरिकाले चुनाव खारेजी अभियानमा रहेका नेकपाका नेता कार्यकर्तालाई देशभरि नै गिरफ्तार गर्ने क्रम जारी रहेको छ। रुकुम, रोल्पामा प्रहरीले घरघरमा पसेर गरेको खानतलासीलाई स्थानीयहरूले सङ्कटकालको झल्को दिने गरी प्रहरीले गाउँघरमा आतङ्क मच्चाएको बताएका छन्।

यसैबिच मोटरसाईकल दुर्घटनामा परी अस्पतालमा उपचार गराइरहेका नेकपाका केन्द्रीय सदस्य सन्तकुमार लिम्बु 'सुमन'लाई प्रहरीले गिरफ्तार गरेको छ। लिम्बुलाई बिहिवार बेलुका मोरङ विराटनगरस्थित न्यूरो अस्पतालको शैयाबाटै गिरफ्तार गरिएको हो। नेकपाका मेची ब्युरो इन्चार्जसमेत रहेका लिम्बु कार्तिक १६ गते झापाबाट ताप्लेजुङ सदरमुकाम फुङलिङ जाँदै गर्दा पाँचथरको सिंगापुरमा दुर्घटनामा परेका थिए। अस्पताल स्रोतका अनुसार लिम्बुको टाउकोमा गम्भीर चोट लागेको छ र शल्यक्रियासमेत भएको छ। लिम्बुलगायत नेकपाका नेता-कार्यकर्ताहरूलाई पक्राउ गर्नुपर्ने कुनै कारण नभएपनि माथिको आदेश भएकोले पक्राउ गर्नुपरेको मोरङका प्रमुख जिल्ला अधिकारी र प्रहरी अधिकारीले बताएका छन्। विहिवारै नेकपा निकट दलित मुक्तिमोर्चाका केन्द्रीय सचिव जीतेन्द्र मोहरा 'महावीर', बुद्धिजीवी संगठनका केन्द्रीय उपाध्यक्ष रामेश्वर थापा 'विक्रम', केन्द्रीय जलस्रोत विभागका सदस्य रामप्रसाद राई, पार्टीका जिल्ला सदस्यहरू रोशन ढकाल र लक्ष्मण कार्कीलाई पनि सुनसरीबाट पक्राउ गरेको छ। यता नेकपा रसुवाका सचिव चेरोङ तामाङ, घादिङ जिल्ला सदस्य मोहन घले र समर्थक रामदोङ तामाङलाई प्रहरीले पक्राउ गरेको छ। उता पाँचथरबाट नेकपाका कार्यकर्ता यलिया लिम्बु र समर्थक डिल्ली बुढाथोकीलाई पनि प्रहरीले पक्राउ गरेको छ।

सोमवार रुकुममा नेकपाका ब्युरो सदस्य गम्भिर सिर्पालीलाई चाईनाबगरबाट, अखिल क्रान्तिकारीका अध्यक्ष सुरेन्द्र बस्नेत, सूर्य बोहोरा, पूर्णजंग खड्का र अन्य एकजनालाई गोतामकोटबाट, कपिल विकलाई चौरजहारीबाट पक्राउ गरेको छ। आइतवार नेकपाका लम्जुङ सेक्रेटरी सन्तोष कोइरालालाई पक्राउ गरेको छ। कोइरालासहित पक्राउ पर्नेहरूमा जिल्ला सदस्यहरू टेकतारा र गोविन्द रहेका छन्। उनीहरू सबै जनालाई लमजुङबाटै पक्राउ गरिएको हो। प्युठानमा नेकपा निकट राष्ट्रिय युवा जनस्वयम् सेवकका केन्द्रीय सदस्य हरि बस्नेत र अखिल (क्रान्तिकारी)का केन्द्रीय सदस्य पदम पोखरेललाई प्रहरीले गिरफ्तार गरेको छ। उनीहरूलाई बाटोमा हिडिरहेको अवस्थामा आइतबार प्युठानबाटै गिरफ्तार गरिएको हो। नेकपा प्युठानका जिल्ला सचिवालय सदस्य गीरूप्रसाद भुसाल 'परिवर्तन'लाई पनि प्रहरीले 'भेटघाट छ भन्दै बोलाए गिरफ्तार गरेको छ। भुसाललाई आफनै ग्रिल उद्योगमा काम गरिरहेको अवस्थामा पक्राउ गरिएको हो।

शनिवार कास्कीमा नेकपाका जिल्ला सदस्य रामकाजी गुरुङ र सन्तोष परियार 'परिवर्तन' लगायत ८ जनालाई प्रहरीले गिरफ्तार गरेको छ। जिल्ला सदस्य विजय अधिकारीलाई घरमै बसिरहेको बेला गिरफ्तार गरेको हो भने अन्य सबै जनालाई कास्की लामागाउँबाट गिरफ्तार गरेको हो। यस्तै म्याग्दी जिल्ला सदस्य जगत पुन र प्रेम श्रीसलाई शनिवार पक्राउ गरेको छ। पुनलाई दरवाङबाट र श्रीसलाई बेनीबाट पक्राउ गरेको हो। शनिवार झापाको विर्तामोडबाट घरमा बसिरहेको बेला गायक तथा संस्कृतिकर्मी नवल गजमेर इस्लामलाई पक्राउ गेको छ। इस्लामलाई रिहाईको माग गर्दै अखिल नेपाल जनसांस्कृतिक महासंघका महासचिव खेम थपलियाले एक विज्ञप्ति जारी गरेका छन्। शुक्रबार विर्तामोडबाटै दिपक लकान्द्रे र दीपक गुरुङलाई पनि पक्राउ गरेको छ।

यसैविच बुधवार रोल्पामा नेकपाका जिल्ला इन्चार्ज र सेक्रेटरीलाई प्रहरीले गिरफ्तार गरेको छ। लामो समयदेखि अस्वस्थ रहेका जिल्ला इन्चार्ज दलबहादुर खत्रीलाई उपचारको लागि अस्पताल जाँदै गर्दा लिवाङबाट र सेक्रेटरी सन्तोष सुवेदीलाई सातदोबाटोबाट सादा पोशाकमा रहेका प्रहरीले पक्राउ गरेका हुन्। चुनावी अभियानमा दलबलसहित रोल्पा पुगेका माओवादी केन्द्रका नेता वर्षमान पुन र कुलप्रसाद केसीले आफ्ना कार्यकर्ताहरूलाई गिरफ्तार गर्न लगाएको नेकपा रोल्पाको भनाइ छ। गिरफ्तार पछि एक प्रेस विज्ञप्ति जारी गर्दै नेकपा राप्ती ब्यूरो इन्चार्ज केशबहादुर बाँठा 'सुवास' ले प्रशासनलाई हिटलरी शैली बन्द गर्न आग्रह गरेका छन्। बुधबार नै रुकुम सदरमुकाम खलङ्गाबाट नेकपाका जिल्ला सदस्यहरू मोतिराम खड्का र दिपक विष्टलाई पनि गिरफ्तार गरेको थियो। पार्टीकामको सिलसिलामा हिडिरहेको बेला विनाकारण आफ्ना कार्यकर्ता गिरफ्तार गरेको नेकपाका केन्द्रीय सदस्य बलबहादुर ओली 'शितल'ले बताएका छन्।

### सरकार निरङकुश बन्दैछ : सुदर्शन

देशव्यापी बढिरहेको प्रहरी दमनको विषयलाई लिएर नेपाल कम्युनिस्ट पार्टीका स्थायी समिति सदस्य तथा पूर्वी कमाण्ड इन्चार्ज हेमन्तप्रकाश ओली'सुदर्शन'ले सरकार निरङ्कुश रूपमा प्रस्तुत हुन थालेको बताएका छन्। मेची व्यूरो इन्चार्ज सन्तकुमार लिम्बुलाई प्रहरीले अस्पतालको शैयाबाटै गिरफ्तार गरेपछि शुक्रवार एक प्रेस विज्ञप्ति जारी गर्दै नेता सुदर्शनले दलाल संसदीय व्यवस्था सम्हालिरहेको सरकार लोकतन्त्र र मानव अधिकारको हवाला दिँदै निरङ्कुश रूपमा प्रस्तुत हुन थालेको छ भनेका छन्। उनले संसदीय व्यवस्थाको अन्त गरी वैज्ञानिक समाजवादी ब्यवस्थाको विकल्प प्रस्तुत गर्नु नेपाली जनताको मौलिक अधिकार भएको पनि विज्ञप्तिमा उल्लेख गरेका छन्। विज्ञप्तिमा सन्तकुमार लिम्बुलगायत गिरफ्तार गरिएका सम्पूर्ण नेता कार्यकर्ताहरूलाई विनाशर्त रिहाईको माग पनि गरिएको छ।

### मेनपावर व्यावसायीमाथि जनकार्वाही

वैदेशिक रोजगार व्यावसायी संघ, कास्कीका अध्यक्ष एवं पुकार म्यानपावर पोखराका प्रमुख खेम बराललाई युवाहरूको एक समूहले जनकार्वाही गरेको छ। सोमबार पोखरा सभागृह चोकस्थित म्यानपावरको कार्यालयमै युवाहरूले कालोमोसो दलेर जनकार्वाही गरेका हुन्। बरालले विदेश पठाइदिने बाहानामा युवाहरूसँग अत्याधिक रकम लिएको, उनीहरूका राहदानी लिएर महिनौंसम्म फिर्ता नगरेको, अन्तर्वार्ता लिने नाममा महँगो होटल लिएर विदेश जाने युवाहरूबाट चर्को रकम उठाएको भन्दै नेकपा समर्थक युवाहरूले उनीमाथि कारवाही गरेका हुन्। यस्तै मेडिकलहरूको साँठगाँठमा स्वास्थ्य परीक्षण गर्दा लाग्ने खर्चको बिल धेरै बनाएर ठगेको, विदेश पठाइदिने भन्दै पैसा खाएको, युवाहरूको पैसा लिएर महिनौंसम्म फिर्ता नगरेको उजुरीको आधारमा बराममाथि कार्वाही गरिएको जनाइएको छ।

## छिमेकीको रेल ...

जनसंख्या बसोबास गर्छ। रेल सेवामार्फत् आर्थिक र आर्थिक गतिविर्धा मार्फत नेपालमा भारतको बढो प्रभाव घटाउने चिनियाँ रणनीति जोकोहीले बुझ्कै विषय हो। यसै पनि हाल चीनले भारत र जापानलाई उछिनेर नेपालको सबैभन्दा ठूलो दाताराष्ट्रमा नाम चढाएको छ। २०४६ सालमा गणेशमान सिंहको निवास चाक्सीवारीमा आयोजित कांग्रेसको सभामा बोल्दै एकजना भारतीय नेताले 'नेपालमा जनसंख्या १ करोड छ, ३ करोड छाता चीनबाट किन आयात गर्छ ?' प्रश्न गरेका थिए। चीनको बजारबाट भारतीय त्रास आजको होइन। चेरुङ-काठमाडौं रेल सेवा सञ्चालन भयो भने त्यसको भारतमा पर्न सक्ने प्रभाव सामान्य हुँदैन। अर्कोतिर चिनियाँ पर्यटकले काठमाडौं ढाक्नेछन्। त्यसको नतिजा भारतीय दबदबा अझै टाक्सिने छ।

गत सोमबार चेरुङ-काठमाडौं-पोखरा-लुम्बिनी रेल सेवाको सम्भाव्यता अध्ययन गर्न आएको चेङ चियन नेतृत्वको २३ सदस्यीय चिनियाँ उच्चस्तरीय टोली शनिबार स्वदेश फर्किएको छ। चेरुङ-काठमाडौं रेल सेवा सञ्चालन गर्न कठिन भएपनि सम्भव रहेको चिनियाँ भ्रमण टोलीको निष्कर्ष रहेको छ। चिनियाँ टोलीले आफ्नो सरकारलाई औपचारिक प्रतिवेदन बुझाउने छ। चेरुङ-काठमाडौं- गल्छी-पोखरा हुँदै लुम्बिनी रेलसेवा सञ्चालन गर्ने बहस भैरहेको बेला पछिल्लो चिनियाँ टोलीले गल्छीबाट मुग्लिन पुगेपछि एउटा बाटो पोखरातर्फ र अर्को बाटो चितवन, नवलपरासी हुँदै लुम्बिनी जोड्न सहज हुने निष्कर्षमा पुगेको छ। चेरुङ-रसुवागढी-काठमाडौं रेल सडकका लागि २ खर्ब ६९ अर्ब रूपैयाँ लाग्ने अनुमान गरिएको छ। राजा महेन्द्रले कोदारी राजमार्ग खोल्दा 'कम्युनिस्ट बस चढेर आउँदैन' भनेका थिए। भारतले कोदारी राजमार्ग बनाउँदा नेपालमा कम्युनिस्ट प्रभाव बढ्ने र भारतको सुरक्षामा चुनौती थपिने बताएको थियो। २०१६ सालमा शिलान्यास भएको बनेपा-बर्दिबास सडक भारतकै दबाबका कारण बेवारिसे बनेको ठानिन्छ। यस्तो समयमा चेरुङ-काठमाडौं रेल सेवाको लागि चिनियाँ तत्परता मात्रै पर्याप्त हुँदैन। त्यसका लागि नेपाल सरकार तयार हुनुपर्छ। जनताको दबाब आवश्यक हुन्छ।

## रहेनन् देशभक्त ...

चीनको निगरानी गर्न नेपाल-तिब्बत सिमा क्षेत्रमा राखिएका भारतका सैनिक जाँच चौकी हटाएका थिए। सोको घोषणा गर्दै काठमाडौंबाट प्रकाशित सरकारी दैनिक 'राइजिङ नेपाल' को विष्टको अन्तर्वार्ता निकै चर्चित थियो। डिल्लीरमण रेग्मीको सम्पर्कबाट कांग्रेस भएका विष्ट २०१७ सालपछि महेन्द्र, वीरेन्द्र हुँदै ज्ञानेन्द्रसम्मका विश्वासपात्र थिए। जनअधिकारका दृष्टिले आलोचना भएपनि नेपालबाट भारतीय सेनाका चौकीहरू हटाउने साहसिक, कुटनीतिक चातुर्य र देशभक्तिका कारण उनलाई नेपाली जनताले लामो समयसम्म आदर गरिरहने छन्। उनले सार्वजनिक रूपमै २००७ साल (सन् १९५०) को नेपाल-भारत शान्ति तथा मैत्री सन्धि नेपालको हित विरोधी रहेको भन्दै खारेजीको माग गर्दै आएका थिए। 'विष्ट एकजना देशभक्त नेता थिए। उनी उच्च नैतिकवान नेता थिए भन्ने कुरा सिंहदरबारमा आगलागी हुँदा दिएको राजिनामाबाट पुष्टि हुन्छ। कुलीन परिवारमा जन्मेर पनि उनमा तडक-भडक थिएन। साधारण नागरिक झैं जीवन बिताए। अन्त्येष्टिमा पनि त्यो आदर्श कायम राख्ने इच्छा गरे। उनले देशभक्ति र नैतिक पाठ पढाए" पाका कम्युनिस्ट नेता तथा विष्टका छिमेकी असारे काकाले विष्टको अन्त्येष्टि स्थल आर्यघाटमै रातो खबर साप्ताहिकसँग कुरा गर्दै भन्नुभयो। विष्टको पुर्ख्यौली घर गोरखा, खोप्लाङ हो।

२०२६ सालमा नेपालबाट भारतीय सेना हटेपछि त्यसको बदलामा भारतले २०२७ सालमा नेपालमाथि नाकाबन्दी लगाएको थियो। त्यसबेला नेपाल आजजस्तो परनिर्भर नभएका कारण धेरै प्रभाव भने परेको थिएन। द्रुतमार्ग (फास्टट्र्याक) को नाममा राष्ट्रिय गौरवका आयोजना विदेशी कम्पनीलाई दिएर मोटो रकम असुल्ने विचौलिया राजनीति मौलाएको बेला विष्टले राष्ट्रिय पञ्चायत र मन्त्रीपरिषदमा थाहै नदिई राजाबाट अनुमोदन गराएर भारतीय सेना हटाएको भनेर आलोचित समेत भएका थिए। "भारत परस्त पञ्चहरू नै विष्टबाट रुष्ट थिए" २०३० सालमा सिंहदरबारमा आगो लागेको सुनेपछि दनदनी जलेको सिंहदरबार र विष्टको राजिनामा स्मरण गर्दै असारे काका भन्नुहुन्छ। देशले एकजना साहसी, देशभक्त र कूशल नेता गुमाएको छ।

## भारतीय एस.एस.बी. ...

आएर काम रोकेको छ। दुई दिनदेखि एस.एस.बी.ले अबरोध गरेपछि सडक निर्माण रोकिएको छ। स्थानियहरुले प्रतिकार गरेपछि विवाद उब्जिएको हो।

स्थानीय रमेशराज जोशीले एस.एस.बी. हतियारसहित आएर सडक निर्माण रोकेको बताए। "ह्यूम पाइप निकाल्नुपर्ने भन्दै हतियारसहित एस.एस.बी. आए, भारतका नागरिक पनि आए" उनले भने हामीले किन हटाउने भनेपछि विवाद भयो। भिमदत्त नगरपालिकाले चालु आर्थिक वर्षमा तुमडानीदेखि ब्रमदेवसम्म सडक निर्माण कार्य अघि बढाएको छ। एस.एस.बी.ले ह्यूमपाइप हाल्न नदिएपछि कालोपत्रे हुन नसकेको स्थानीय जोशीले बताए। "यसमा कालोपत्रे पर्ने बित्तिकै एस.एस.बी आइहाल्छ" उनले भने। ५ नं. पिल्लर पारी भारतको कुमैयाखेडा गाउँ छ। भारतले कुमैयाखेडा बस्तीमा नेपालको पानी पस्न नदिने गरी कच्ची बाँध बनाएको छ। भारतीय एस.एस.बी. बेलाबेलामा हतियारसहित नेपाली भूमिमा प्रवेश गर्ने गरेको स्थानीयले बताए। उनीहरु तुमडानी र जिमुवासम्म पुग्ने गरेको बताउँछन्।

# राप्तीमा जनयुद्धकालको झल्को दिनेगरी दमन

रातो खबर संवाददाता

राप्तीमा जनयुद्धकालको झल्को दिनेगरी प्रशासनले घरदेखि सडकसम्म व्यापक दमन गरिरहेको छ। एकातिर नेपाल कम्युनिस्ट पार्टीका नेताकार्यकर्तालाई जनयुद्धकाल झैं व्यापक गिरफ्तार गरी जेल हिरासतमा राखिरहेको छ भने अर्कोतिर जनतालाई सडकदेखि घरसम्म खानतलासी गरेर सास्ती दिइराखेको छ। दाङको भालुबाङबाट प्रवेश गर्ने रोल्पा प्युठानको मुख्य सडकखण्ड प्युठानको दरबाङ चेकपोष्टमा प्रहरीले युद्धकालको झल्को दिने गरी गाडीका सयौं यात्रुहरुलाई ओरालेर एकएक खानतलासी गरी घण्टौं सास्ती दिने गरेको बताइएको छ। सधैं ओहोर-दोहोर गर्ने जनतालाई एक्कासी त्यहाँको प्रहरी




चौकीले प्रत्येकलाई खानतलासी गर्दै इन्ट्री गर्न लगाएर मात्र प्रवेश दिइरहेको छ। सयौं गाडीहरुका यात्रुलाई एकएक चेकिङ इन्ट्री गराएर समयमै गन्तव्यमा पुग्ने यात्रुलाई सास्ती भइरहेको गुनासो छ। उता जनयुद्धकालमा झैं अहिले पनि रुकुमका केही ठाउँका घरघरमा खानतलासी भएको समाचार पनि प्राप्त भएको छ। केही दिन अघि पूर्व गृहमन्त्री तथा माओवादी केन्द्रका उम्मेदवार जनार्दन शर्माको सवारीमा बम बिस्फोट हुनुअघि नै रुकुम आठबिसकोटका सबै जनताका घरघरमा प्रहरी गएर छापामार तरिकाले खानतलासी गर्दा जनयुद्धको झल्को दिएको बताइएको छ। त्यस्तै रुकुम खारा, मुरुका केही घरमा गएर पनि विनाकारण खानतलासी गरेर जनतालाई सास्ती बेहोर्नु परेको छ। सङ्कटकालमा डर त्रासपूर्ण वातावरण सिर्जना गरेको त्यहाँबाट प्राप्त समाचारमा उल्लेख छ।

जनयुद्धकालको आधार क्षेत्र राप्तीमा अहिले पनि राज्यको व्यापक दमन भइरहेको छ। राप्तीमा अहिलेसम्म १५ जना नेकपाका नेता कार्यकर्ता गिरफ्तार भइसकेको राप्ती ब्यूरोले जनाएको छ। रोल्पामा यही २२ गते नेपाल कम्युनिस्ट पार्टीका जिल्ला सेक्रेटरी सन्तोष सुबेदी (प्रयास)लाई रोल्पाको मिझिङबाट, रोल्पा जिल्लाका इन्चार्ज दलबहादुर खत्री जागृतिलाई रोल्पाको लिबाङबाट अरुको उक्साहटमा ठूलो संख्यामा प्रहरी परिचालन गरी जनयुद्धकाल जस्तो गिरफ्तार गरियो। त्यस्तै आफ्नो कामको सिलसिलामा काठमाडौं जान लागिरहेका रोल्पा माडी गाउँपालिका ३ तालाबाङका श्याम घर्ति र रामसिंह घर्तिलाई सातदोबाटोमा राजनैतिक प्रतिशोधका कारण गाडीबाटै गिरफ्तार गरिएको छ। आज मात्रै रोल्पाको सुलीचौर राचीबाट पार्टीका जिल्ला सदस्य धन बहादुर खत्री टाइगरसहित ५ जनालाई गिरफ्तार गरिएको छ। यस्तै रुकुममा पार्टीका राप्ती ब्यूरो सदस्य गम्भीर, जिल्ला सदस्यहरु मोतिराम खड्का, कपिल, अखिल क्रान्तिकारीका केन्द्रीय सदस्य दिपक विष्ट, सङ्गठनका जिल्ला अध्यक्ष सुरेन्द्र बस्नेतसहित ६ जनालाई बाटोमा हिंडिरहेको अवस्थामा गिरफ्तार गरिएको पनि राप्ती ब्यूरोले जनाएको छ। त्यस्तै प्युठानमा अखिल नेपाल शिक्षक सङ्गठन जिल्ला अध्यक्ष जागेश्वर आचार्य, पार्टीका जिल्ला सदस्य मानबहादुर विकलाई प्युठानबाट गिरफ्तार गरेको छ।

आरामदायी यात्राको लागि


सिन्धुली, बर्दिबास, जनकपुर, लालबन्दी, धारापानी, मिचैंया, राजविराज, कटारी, गाइघाट, इटहरी, धरान, विराटनगर, काँकडभिट्टा, घुर्मी, हलेसी, दिक्तेल, ओखलढुंगा, सोलु, सल्लेरी, मन्थली, रामेछाप।
सम्पर्क : ९८४११०६९६७, ९८४४४०३१५९



हुलाक द. नं. ११/०७२/७३ काठमाडौँ जि.का. द. नं. १०७/०७१/७२ वर्ष ३, अङ्क २२, पूर्णाङ्क ११७
रातोखबर

नियमित

# इन्टरनेट र अनलाईन पत्रकारिता



अम्बिका चन्द

*'पहिलेका भेनाहरू ससुराली जाँदा सासु आमा साली खोइ भनेर सोध्ने गर्थे । आजकालका केटाहरू ससुराली गए मम्मी हजुर यहाँको वाईफाईको पासवर्ड के होला भनेर सोध्छन् जमाना क्या चेन्जेवल साथीहरू हो'* तीन हप्ता पहिले राजधानीमा चल्ने वाईफाईवाला साझा बसको पछिल्लतिरको सिटमा बसेका कलेज पोशाकमा रहेका युवाहरूको आपसी संवाद हो यो ।

सामान्यतः आमसञ्चारका माध्यम भनेपछि अखबार, रेडियो र टेलिभिजन भनेर बुझिन्छ। तर प्रविधिको उच्चतम विकासको रूपमा पछिल्लो समय आम सञ्चारका माध्यमको रूपमा अनलाइनको विकास भएको छ। मानिसहरू यसलाई तीव्र गतिको रेल भन्ने गर्दछन् । इन्टरनेटको विकासले विशाल पृथ्वी पनि सानो आगनमा बदलिएको छ। समयावधिको हिसाबले हेर्दा इन्टरनेटको विकास भएको जम्मा तीन दशक मात्र भएको छ। अखवार शुरुवातको धेरै लामो इतिहासपछि सन् १९९० देखि मात्र यसको शुरुवात भएको मानिन्छ। त्यसैले १९९० को दशकलाई इन्टरनेटको दशक भन्ने पनि गरिन्छ। इन्टरनेट आफैमा सञ्चार माध्यम होइन तर यसलाई आमसञ्चार माध्यमको रूपमा प्रयोग गर्नेक्रम निकै बढिरहेको छ।

खासगरी इन्टरनेट व्यक्तिहरूका विचमा (email, mail box), निश्चित समुहहरूमा (Mailing list, group blogs), संगठनहरूमा (company websites) र आमसंचार माध्यममा (www.online news portal) मा उत्तिकै प्रयोग हुँदै आएको हो । तर पनि पछिल्लो समय इन्टरनेट आम सञ्चारको सशक्त माध्यम बन्दै गएको छ। जसको कारण अन्य आम सञ्चारका माध्यम छापा, रेडियो र टेलिभिजनलाई निकै चुनौति सिर्जना भएको छ। विश्वमै प्रसिद्ध ठानिएका ठूला सञ्चारगृहहरूले इन्टरनेटको व्यापक प्रयोग गर्दा अनलाइनकै लागि भनेर समाचार सङ्कलन र उत्पादन गर्ने संचारगृहहरूको स्थापनामा एकखालको प्रतिस्पर्धा नै छ।

साँच्चिकै आजभोलि युवा पुस्तामा इन्टरनेट अथवा अनलाईन भन्ने शब्द निकै लोकप्रिय बनेको छ । मानिसहरू इन्टरनेट शब्दको परिभाषा बुझेर होस् या नबुझेरै भएपनि यसको प्रयोग अत्याधिक गरेको पाइन्छ । एउटा ग्रामीण इलाकाको सामान्य निरक्षर व्यक्तिले पनि फलानाको छोराले विदेशबाट नेटमा कुरा गरेको छ भनेको सुनिन्छ। आज हरेक व्यक्तिको हातमा स्मार्ट फोन हुने हुँदा होटेल, रेष्टुरा, अफिस, गाडीको यात्रामा (साझा बसमा चढेका युवाले भनेझैं) वाईफाईको पासवर्ड माग्न हतारिन्छन् । इन्टरनेटको कारण आज समय निकै बदलिएको छ, जसले गर्दा धेरै विकास र केही विकृतिहरू पनि सिर्जना गरेको छ । ठूला सङ्ख्यामा मानिसहरूले दिनहुँ दोहोऱ्याई तेहेऱ्याई उच्चारण गर्न बाध्य हुने यो इन्टरनेट भनेको के हो त ?

इन्टरनेट भनेको भू-उपग्रहमार्फत् संसारभरि फैलिएको कम्युटरहरूमा हुने एउटा सिस्टम हो। कम्प्युटरले बुझ्ने भाषामा कुनैपनि सामाग्री राखेर त्यसलाई एउटा कम्प्युटरबाट इन्टरनेटमा छोडेपछि (uplink) विश्वभरिका कम्प्युटरमा एकैपटक र आफूले चाहेको बेला हेर्न, पढ्न र सुन्न सकिन्छ। जस्तै नेपालको एउटा कम्प्युटरमा छोडेको सामाग्री तत्काल अमेरिकामा रहेको कम्प्युटरमा त्यहाँको जो कोही व्यक्तिले हेर्न सक्छ र झिक्न (download) गर्न सक्छ। इन्टरनेटको पहुँच र प्रशारण असिमित हुन्छ। तर रेडियो, टेलिभिजनको निश्चित तरङ्ग पुग्ने ठाउँसम्म मात्र पहुँच र प्रभाव हुन्छ। छापा माध्यमको सामाग्री त झन् मानिसले बोकेर अर्को ठाउँसम्म पुऱ्याएपछि मात्र त्यो पढ्न र हेर्न सम्भव हुन्छ। त्यस्तै अखवारको पहुँच त झन् कम हुन्छ। तर इन्टरनेट संसारभरि अरबौं मानिसले कम्युटर सफ्टवेयरमार्फत् एकैपटक पढन, हेर्न र सुन्न सक्छन् । अर्कोतिर इन्टरनेट सर्वसुलभ पनि छ। कम्प्युटर मात्र नभएर एउटा कम मूल्यको मोवाइल, ट्याब्लेटमा पनि यो सुविधा हुन्छ। आजकाल त झन् कम्प्युटर पनि निकै कम मूल्यमा र सानो आकारमा पाइने हुँदा सर्वसाधारण मानिसले इन्टरनेट प्रयोग गर्न सक्छन् ।

मानवीय चासो र रुचिका विभिन्न विषयमा समाचार सङ्कलन गरी यसरी इन्टरनेटमा उपलब्ध गराउनुलाई अनलाईन भनिन्छ। इन्टरनेटको विकास भएको निकै छोटो अवधिमा नै नेपालमा अनलाइनको शुरुवात भएको हो। १९९५ मा नेपालमा इन्टरनेटमा समाचार उपलब्ध गराउने पहिलो नेटपत्रिका काठमाडौं पोष्ट हो। काठमाडौं पोष्ट नेपालको मात्र नभई दक्षिण एसियाकै पहिलो अनलाईन पत्रिका मानिन्छ। यस्तै अहिलेसम्मको आँकडाअनुसार धेरै मानिसमा लोकप्रिय अनलाईन पत्रिकाको रूपमा नेपाल न्युज डटकमलाई लिइन्छ। यो साईड नेपालका कूल जनसङ्ख्याको ४ भाग भन्दा बढीले लग अन गरिएको बताइन्छ। नेपालीहरू संसारका विभिन्न देशहरूमा छरिएर रहेको र यहाँका गतिविधि थाहा पाउनको लागि यो साइड लगअन गर्ने हुँदा करोडौं पटक लगअन गरिएको मानिन्छ।

इन्टरनेटको विकासले अनलाईन पत्रकारिताको विकाससँगै पत्रकारहरूलाई धेरै खालका चुनौति पनि थपिदिएको छ।

अनलाईका लागि समाचार सङ्कलन लेखन तथा सम्पादन गर्नुलाई अनलाइन पत्रकारिता भनिन्छ। आजभोलि अनलाईनको लागि विभिन्न सञ्चारगृहहरू खुल्ने क्रम बढिरहेको छ र अनलाइनकै लागि भनेर पत्रकारहरू (reporter) तयार गरिन्छ। शुरुमा अनलाईन टेक्स मात्र थियो। पछि श्रव्य शुरु भयो र त्यसपछि दृश्य पनि शुरु भयो। यसो हुँदा रेडियो सुन्नको लागि भयो। पत्रिका पढ्नको लागि भयो र टेलिभिजन हेर्नका लागि। तर अनलाइन हेर्न, सुन्न, पढन, प्रतिक्रिया दिन पनि सम्भव भयो। त्यसैले अनलाईनलाई रेडियो, टेलिभिजन र छापा माध्यमको समिश्रण पनि भन्ने गरिन्छ। यसो भएपछि अब अनलाईन पत्रकारिता झनै चुनौतिपूर्ण बन्यो। पत्रकारिता गर्नको आधारभूत रूपले संचारमाध्यमका सैद्धान्तिक नियमहरू एउटै भएपनि अनलाईन पत्रकारिता चुनौतिपूर्ण छ। अनलाईन पत्रकारिताका गर्नका लागि एउटा मात्र विधामा दक्षता हासिल गरेर पुग्दैन। यसका लागि कम्प्युरको अनिवार्य ज्ञान हुनु पहिलो शर्त हो। त्यसपछि इन्टरनेट सम्बन्धी ज्ञान हुनु आवश्यक हुन्छ। यस्तै अन्य प्राविधिक सामाग्रीहरूको ज्ञान हुनु आवश्यक हुन्छ। जस्तै क्यामेरा, रेकर्डर, स्मार्ट फोन, विभिन्न खाले लिडहरू, स्क्यानर लगायतका सामग्रीहरूको ज्ञान हुन आवश्यक हुन्छ। अहिलेको प्रविधिले सुसज्जित जमानासँगै अघि बढ्नको लागि भाषा र ड्राइभिङको ज्ञान पनि हुन आवश्यक छ। यसो भएमा मात्र अनलाईन पत्रकारिता गर्न सजिलो हुन्छ।

# नेकपाका नेताहरुलाई अदालतको सफाई

■ रातो खबर संवाददाता





**काठमाडौं** : शरीर बन्धक तथा अपहरणको आरोपमा तारेख खेपिरहेका नेकपा ललितपुरका स्थानीय नेताहरु सुरेश लामा र रामबहादुर तिरुवालाई ललितपुर जिल्ला अदालतले सरकारी आरोप खारेज गर्दै गत बुधबार सफाई दिएको छ। माननीय न्यायाधिश गणेश बास्तोलाको एकल इजलासले सो सफाई दिएको हो। नेताद्वयको पक्षमा वरिष्ठ अधिवक्ता एकराज भण्डारी, अधिवक्ता कपिल पोखरेल, अधिवक्ता खिमानन्द अधिकारी, अधिवक्ता तथा ललितपुर बारका निवर्तमान अध्यक्ष प्रकाश महर्जन, ललितपुर बारका निवर्तमान सचिव अधिवक्ता उज्वल शुक्ल, ललितपुर बारका अध्यक्ष अधिवक्ता दीपक विष्ट, ललितपुर बारका सदस्य अधिवक्ता कान्तिराम ढुंगानाले बहस गरेका थिए।

# गण्डकमा प्रहरी दमन तीव्र

■ **रमाकान्त बास्तोला**, पोखरा

नेत्रविक्रम चन्द नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीका नेता तथा कार्यकर्ताहरुलाई तत्काल पक्राउ गर्न गृहमन्त्रालयको निर्देशन आएपछि प्रहरीले व्यापक धरपकड शुरु गरेको छ। यसैक्रममा कास्की प्रहरीले अहिलेसम्म कास्कीमा १२ जना, गोरखामा ५ जना, लमजुङमा ४ जना गरी २० जना नेकपाका कार्यकर्ताहरुलाई पक्राउ गरेको छ।

चुनाव खारेजी अभियान चलाइरहेको नेपाल कम्युनिस्ट पार्टीका नेता तथा कार्यकर्ताहरुले चुनााव भाँड्ने गतिविधि गर्नसक्ने आशंका गर्दै उनीहरुलाई गिरफ्तार गरेको बताइएको छ।

यसैबीच नेपाल कम्युनिस्ट पार्टी गण्डकले आजै एक प्रेस विज्ञप्ति जारी गरी आफ्ना नेता कार्यकर्ताहरु पक्राउ गरेकोमा आपत्ति प्रकट गर्दै तत्काल रिहाइको माग गरेको छ।

नेपाल कम्युनिस्ट पार्टी गण्डककी व्युरो प्रमुख सावित्रा दुरा (आस्था) द्वारा हस्ताक्षरित उक्त विज्ञप्तिमा दलाल राज्यको गृह प्रशासनले कथित चुनाव सफल पार्ने नाउँमा गण्डक ब्युरो अन्तरगतका कास्की, गोर्खा र लमजुङबाट पार्टीका नेता कार्यकर्तालाई बिना कारण गिरफ्तार गरेको घटना प्रति गम्भीर ध्यानाकर्षण भएको जारी विज्ञप्तीमा लेखिएको छ।

शान्तिपूर्ण विचार अभिव्यक्तिमाथि नै रोक लगाउने गरी फासिवादी शैलीमा लमजुङका पार्टी सचिव सन्तोष कोइराला लगायत टेकतारा बोहोरा, गोबिन्द, गोरखाका पार्टी जिल्ला सदस्य विशाल गजुरेल, भरत कोइराला, अनिल कुमाल, युवा जन स्वयमसेवकका जिल्ला सदस्य भोला, भेघराज कुमाल, पार्टी सदस्य राजन भट्ट, कास्कीका विधार्थी नेता काजी गुरुङ, सुनिल कुमाल, जिल्ला सदस्य रामकाजी गुरुङ, विजय अधिकारी, सन्तोष परियार, पार्टी सदस्य दिपक गुरुङ, सन्तोष लिम्बु, लेख गुरुङ, रविन्द्र थापा, राम बहादुर राई, सोबित मगर, सागर परियार लगायतलाई तत्काल रिहाइको माग गरेको छ।

कथित लोकतन्त्रको नाममा संसदवादी दलालहरुले करौडौं रकम खर्च गरेर, गुण्डा प्रयोग गरेर जनताको धन र बलको आडमा त्रास देखाएर चुनाव प्रचारप्रसार गर्ने तर हम्रो पार्टीले देश र जनताको हितमा आफ्नो विचार अभिव्यक्त गर्न समेत नपाउनु निन्दनीय कार्य हो। हामी दलाल राज्यलाई यस प्रकारको फासिवादी दमन कार्य रोक्न र हाम्रा निर्दोष नेता कार्यकर्ताको तत्काल रिहा गर्न माग गर्दछौं।

यदि यसलाई वेवास्ता गरी दमनलाई बढाउँदै गएमा पार्टीले त्यसको सशक्त बहिष्कार गर्न वाध्य हुनेछ। त्यसबाट उत्पन्न हुने परिणामको जिम्मेवार स्वयम राज्य हुने चेतावनी दिन चाहन्छौ। साथै हाम्रो लडाई जनताको राजनैतिक अधिकारसँग जोडिएकोले यसमा कोही पनि आग्रह र पूर्वाग्रह नहुन पनि आग्रह गर्दछौं। यो चुनाव देश र जनताको हितमा छैन। यसले देश र जनतालाई पराधिनता र दासतातिर नै लानेछ तसर्थ सचेत नागरिकले यसलाई सशक्त बहिष्कार गर्न र हाम्रो सिंगो पार्टीपङ्क्ति यसलाई सशक्त खारेजी अभियानमा होमिन आह्वान गर्दै दलाल पुँजीवादी संसदीय व्यवस्थाको फासिवादी दमनबाट कोही पनि नआत्तिकन शान्ति समृदि, विकास, समानता र स्वाधीनताको लागि वैज्ञानिक समाजवाद स्थापना गर्न एकीकृत जनक्रान्तिको बाटोमा दृढतापूर्वक लामबद्ध हुन हामी हार्दिक अपील गर्दछौं। जारी विज्ञप्तिमा लेखिएको छ।

# दाङमा प्रहरीद्वारा खानतलासी

■ **जानकी दहित**, दाङ

नेपाल कम्युनिस्ट पार्टी दाङका जिल्ला सदस्य तथा बबई गाउँ समितिका सेक्रेटरी निमबहादुर डाँगीलाई सोमबार मध्यरातमा प्रहरीले घर घेरा हाली गिरफ्तार गरेको छ। नेकपा दाङले मंगलबार विज्ञप्ती जारी गरी प्रहरीले फासिवादी शैलीमा मध्यरातमा गिरफ्तार गरेकोप्रति घोर भर्त्सना गर्दै डाँगीलाई तुरुन्त बिना शर्त रिहाई गर्न जोडदार माग गरेको छ। यसैगरी सोमबार राती नै पार्टी कार्यकर्ताका घरघरमा पसी बिनाकुनै सूचना गैरकानुनी तरिकाले घर खानतलासी गरेको सो पार्टीले जनाएको छ। पार्टीका जिल्ला सेक्रेटरी सविन पोखेलद्वारा जारी गरिएको विज्ञप्तीमा भनिएको छ- मानौं कि नेपालमा अहिले सङकटकाल लगाइएको छ र नागरिकका सबै मौलिक अधिकार निलम्बन गरिएजस्तै प्रहरी प्रशासन र संसदवादी दलहरुलाई तान्ड्वनृत्य प्रदर्शन गर्ने छुट दिइएको छ भने नागरिकहरुमाथि अघोषित संकट्काल लगाइएको छ। प्रहरी प्रशासनबाट भएको यो रबैयाको हाम्रो पार्टी घोर भत्सर्ना गर्दछ साथै यस्तो हर्कत अब नदोहोऱ्याउन प्रहरी प्रशासनलाई गम्भीरतापूर्वक आग्रह गर्दछ।

# अन्तर्घाती भन्दै आक्रमण

■ रातो खबर संवाददाता



केही दिनअघि मात्र नेकपा माओवादी केन्द्रमा प्रवेश गरेका भगौडा नेता राजेन्द्र कार्की (नविन) सहितको चुनाव प्रचार टोलीमाथि बाह्रबिसेको सभालाई सम्बोधन गर्न जाँदै गर्दा नेकपाका कार्यकर्ताले आक्रमण गरेका छन् । उनीहरुको सवारी साधन विष्फोटमा परेको समाचार छ। मंगलबारको सो घटनालगत्तै संखुवासभाको विभिन्न स्थानमा हवाईगस्ती तीव्र पारिएको छ। त्यसैगरी भोजपुरमा एमाले नेता शेरधन राईको चुनाव प्रचार टोलीमाथि पनि अवरोध भएको छ। पूर्वमन्त्री समेत रहेका राईका अंगरक्षक सामान्य घाइते भएका छन् ।


## डेंगु रोगबाट बच्न सावधानी अपनाउने सम्वन्धमा हरिवन नगरपालिकाको अनुरोध

गर्मी मौसममा लामखुट्टेको टोकाईबाट डेंगु रोगको प्रकोप हुन सक्ने भएकोले लामखुट्टेको टोकाईबाट बच्न निम्न सावधानी अपनाउन जानकारी गराइन्छ।

- शरीर ढाक्ने कपडा लगाउने
- लामखुट्टेबाट बच्ने मल्हम लगाउने
- लामखुट्टेको टोकाइबाट बच्न सधैं राती र दिउँसोसमेत झुलभित्र सुत्ने
- घर वरपर वा खेतवारीमा काम गर्न जाँदा लामखुट्टेको टोकाईबाट बच्न ध्यान दिने
- झ्यालढोकामा जाली लगाई बन्द राख्ने
- पानी राख्ने भाँडाहरु जस्तै पानी ट्याङ्की, गाग्री, दहीको कतारो, बाल्टिन, ड्रमहरु सधैं छोपेर राख्ने
- लामखुट्टेको नियन्त्रणको लागि घर वरपर पानी जम्न नदिने, खाल्डाखुल्डी पुर्ने र घरआँगन सफा राख्ने,
- लामखुट्टेले सफा जमेको पानीमा फुल पार्ने भएकोले लामो समयसम्म एउटै ठाउँमा पानी जम्मा गरेर नराख्ने। पुराना टायर, पानी जम्न सक्ने भाँडाकुँडा छोपेर राख्ने वा नष्ट गर्ने
- गमला, फुलदानी, एयरकुलरजस्ता पानी जम्ने सामग्रीको पानी हप्तामा एकपटक नियमित रुपमा सुख्खा हुने गरी सफा गर्ने
- कुनै स्थानमा खानेपानीको पाईप तथा ढलहरु चुहिने भएमा तुरुन्त मर्मत गर्ने।

कार्यकारी अधिकृत
हरिवन नगरपालिका, सर्लाही


निर्देशक : **अनिल शर्मा**, प्रवन्ध निर्देशक : **भिमप्रसाद चापागाई**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौँ, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ